# परिवर्तनका कथा

सल्लाहकार
डा. इन्दिरा श्रेष्ठ
विजयराज गौतम

सम्पादन
मदन पौडेल

संयोजन
शुभेक्षा खड्का

ग्राफिक डिजाइन
गीता माली

प्रकाशक/सर्वाधिकार
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

प्रकाशन मिति
२०७६ पुस

सङ्ख्या
५ सय प्रति

# विषयसूची

**प्रदेश १**

- अपाङ्गता भएकी महिलाले अपाङ्गता परिचय पत्र पाइन्/४
- मदरसाका बालबालिकाले चिसोबाट मुक्ति पाए/५
- कारागारका बालबालिकालाई कुपोषणबाट जोगाउन पहल/६
- निगरानी समितिबाट गाउँ शिक्षा समितिमा/७
- बर्थिङ सेन्टर स्थापनाले स्थानीय दङ्ग/८

**प्रदेश २**

- इन्सेकले गरेको सहयोगले आँखाको ज्योति फर्कियो/९

**बागमती प्रदेश**

- पैरवीले आत्मनिर्भर बन्दै/१०
- नियमित सञ्चालनमा स्वास्थ्य संस्था/११

**गण्डकी प्रेदश**

- विद्यालय छाडेका विद्यार्थीहरूको नि:शुल्क भर्ना/१२
- मानव अधिकार निगरानी समूहका सदस्यहरूद्वारा खाद्य अधिकारका सवालमा पैरवी/१४
- सामूहिक भावनाको विकासमा योगदान/१५

**प्रदेश ५**

- इन्सेक अनलाइनमा प्रकाशित समाचार शिव कुमालको उपचारमा सहायक बन्यो/१६
- घरेलु हिंसा पीडितले न्याय पाइन्/१७
- न्याय प्राप्तिमा इन्सेकको पैरवी/१८
- इन्सेकको पहलमा राहत/१८
- निगरानी समूहको भण्डारी पुरस्कृत/१९
- बर्थिङ सेन्टर र ल्याब सेवा सञ्चालन/२०
- बोटे बालबालिकाले पाए: गुणस्तरीय शिक्षा र आवास/२१
- विद्यालय व्यवस्थापन समितिमा चेतना समूहका सदस्य छनोट/२२
- सामाजिक अभियानमा सक्रिय बन्दै युवा समूह/२२
- निगरानी समूहको पहलमा मानसिक रोगीको उपचार/२३
- बर्थिङ सेन्टर स्थापना/२४
- बाढीपीडितको पक्षमा उच्च अदालतको आदेश/२५
- ध्वनि प्रदुषणविरुद्ध उच्च अदालतको आदेश/२६

**कर्णाली प्रदेश**

- न्यायको अनुभूति दिलाउन इन्सेकको पहल/२७
- १२ वर्षपछि ओढार मुक्त/२८
- इन्सेकको पहलमा न्याय/२९
- पीडितले न्याय पाए/३०
- पुनर्स्थापनाका लागि पैरवी/३१

**सुदूरपश्चिम प्रदेश**

- उद्धार तथा आर्थिक सहयोग/३२
- बौद्धिक अपाङ्गता श्रोत कक्षा सञ्चालन/३३
- सामुदायिक स्वास्थ्य इकाइ स्थापना/३४
- नि:शुल्क भर्ना अभियानले पुन: विद्यालय फर्कायो/३५

# भूमिका

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले आफ्नो स्थापनाकालदेखि नै मानव अधिकारको संरक्षण तथा संवर्द्धनका लागि नेतृत्वदायी योगदान गर्दै आएको छ। सामाजिक न्याय, समतामूलक सामाजिक प्रबन्ध, लोकतान्त्रिक राजनीतिक व्यवस्था तथा संस्कार, कानुनी शासन र मानव अधिकारमैत्री कानुनी वातावरणको अभ्यासले मात्र सम्मुनत समाज निर्माण गर्न सक्छ भन्ने सोचका साथ इन्सेकले आफ्ना कार्यक्रम सञ्चालन गर्ने गरेको छ। सामाजिक संस्थाका रूपमा इन्सेकले आफ्ना कार्यक्रम तथा परियोजनाहरूलाई आफ्नो रणनीतिक योजना मुताविक सञ्चालन गर्ने गरेको छ। सन् २००३ देखि रणनीतिक योजना विकास गरी कार्यक्रम सञ्चालन गर्न सुरुवात गरेको इन्सेकले आफ्नो २०१३-२०१८ को रणनीतिक योजना सम्पन्न गरी सन् २०१९ देखि २०२३ सम्मको योजना लागु गरेको छ।

कुनै पनि परियोजना निश्चित समयमा निश्चित लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिन्छन्। परियोजना अवधि समाप्त भएपछि परियोजनाका गतिविधिहरू हुन छाड्छन्। सङ्घसंस्थाहरू उक्त परियोजना समुदायलाई हस्तान्तरण गरेर फर्कन्छन्। तर परियोजनाका कारण आएका परिवर्तनहरू दीर्घकालीन हुन्छन् जसको असर समाजमा लामो समयसम्म रहिरहेको हुन्छ। इन्सेकका परियोजनाले २०१३-२०१८ को रणनीतिक योजना अनुसारका लक्ष्य प्राप्तिका लागि सहयोग पुऱ्याउन Bread for The World -BftW को आर्थिक सहयोगमा २०७३ देखि २०७६ सम्म मानव अधिकार उल्लङ्घन तथा ज्यादती पीडितहरूको अधिकार प्रवर्द्धन कार्यक्रम देशैभर सञ्चालन गरेको थियो। यस परियोजनाले आफूले खोजेको उद्देश्यअनुरूप मानव अधिकार अभिलेखन, अनुसन्धान, सामाजिक परिचालन, आर्थिक, सामाजिक सांस्कृतिक अधिकार विशेष गरी शिक्षा, स्वास्थ्य र खाद्य अधिकारको बारेमा जनचेतना फैलाउँदै, जनसमुदायको क्षमता अभिवृद्धि गरेको छ। यसका साथै जिम्मेवार निकायलाई जवाफदेही बनाउन वकालत तथा पैरवी गरेको छ। तीन बर्से कार्यक्रमले समग्र रूपमा इन्सेकले लिएका रणनीतिक उद्देश्य पूरा गर्न सहयोग गरेको छ।

परियोजनाले लक्षित गरेका कार्यक्रमले समाजमा उल्लेख्य परिवर्तन तथा सिकाइ भाएको छ। यस पुस्तकमा परियोजना र तिनका गतिविधिका कारण लक्षित समूहमा आएको परिवर्तनका विषयहरू समेटिएका छन्। पारियोजनको सहयोगले महिला, बालबालिका, सीमान्तकृत वर्ग, अपाङ्गता भएका, दलित तथा पिछडिएका समुदाय आफ्ना अधिकारका बारेमा सुसूचित भई सरकारी सेवासुविधामा माग गर्नसक्ने भएका छन्। स्थानीय सरकार नभएको अवस्थामा, स्थानीय मानव अधिकार समूहले सरकार र जनताबीच पुलको काम गरेका थिए। मानव अधिकार उल्लङ्घनका घटनाका पीडितले न्याय पाएका छन्। स्थानीयदेखि राष्ट्रियस्तरसम्म मानव अधिकारमैत्री कानुन निर्माणमा विभिन्न सङ्घसंस्था, सञ्जालसँग समन्वय तथा सहकार्य मार्फत वकालत तथा पैरवी गरिएको छ। यस पुस्तकमा परियोजना अवधिमा तथा परियोजनाका सम्पूर्ण उपलब्धिलाई यहाँ समेट्न सकिएको छैन। समेटिएका केही प्रतिनिधिमूलक गतिविधिले परियोजनाले पारेको प्रभावको सारांश बताउने हामीले अपेक्षा गरेका छौँ। लक्षित उपलब्धि हासिल गर्न क्रियाशील सबै साझेदार संस्था तथा इन्सेकका कर्मचारीहरूलाई धन्यवाद दिन चाहान्छु।

**डा. इन्दिरा श्रेष्ठ**
अध्यक्ष

# अपाङ्गता भएकी महिलाले परिचय पत्र पाइन्

पाँचथर जिल्लाको फाल्गुनन्द गाउँपालिका-२ मा ६१ वर्षीय हर्कवीर तामाङ र ६३ वर्षीया धनमाया तामाङका पाँच छोरा र चार छोरी गरी नौ जना सन्तानमध्ये पाँच जना अपाङ्गता भएका छन्। शारीरिकरूपमा सबल छोरीहरूको विवाह भइसक्यो भने छोराहरूसमेत विवाहपश्चात् छुट्टिएर बसेका छन्। अपाङ्गता भएकामध्ये छोरीहरू २४ वर्षीया सिरीमाया तामाङको खुट्टा चल्दैनन् भने २० वर्षीया तारादेवी तामाङ सामान्य हिँडडुल गर्न सक्ने अवस्थामा छिन्। छोराहरू ३७ वर्षीय खड्गबहादुर तामाङ, २७ वर्षीय महेन्द्र तामाङ र १८ वर्षीय बद्री तामाङ रहेका छन्।

सो परिवारको पारिवारिक अवस्थाको जानकारी लिन इन्सेक प्रतिनिधिसहितको मानव अधिकारकर्मी तथा समाजसेवीहरूको समूहको प्रत्यक्ष अवलोकनबाट सहयोग गर्न पहल भयो। जसको फलस्वरूप फिदिम बजारका व्यवसायीहरूबाट सहयोग सङ्कलन तथा स्थानीयहरूबाट श्रमदान गरी २ लाख ४ हजार ९ सय १५ रुपियाँ मूल्य बराबरको अपाङ्गमैत्री घर निर्माण गरी हस्तान्तरण गरियो। यसैगरी, सो परिवारको दिगो आयआर्जनका लागि किराना पसलको सामानसहित मुढा बुन्ने सामान र ह्वीलचेयर गरी ५९ हजार ४ सय १० रुपियाँ बराबरको सरसामग्री हस्तान्तरण गर्नुको साथै, सो परिवारलाई आवश्यक पर्ने दैनिक उपभोग्य सामग्री, सोलार र टिभीसमेत उपलब्ध गराइएको थियो। घरभन्दा टाढा रहेको चर्पीसम्म जान र खाने तथा बस्नेलगायतका समस्याले पिरोलिएको परिवारमा प्राप्त सहयोगले धेरै राहत अनुभूति भएको अपाङ्गता भएका परिवारकी आमा धनमाया तामाङले बताइन्- "कसैले अपाङ्गता भएका बच्चा होस् भनेर बच्चा जन्माएको हुँदैन, दैवको खेल जस्तै भयो।" उनले भनिन्- "दु:खका यति धेरै दिन भए पनि तपाईंहरूको सहयोगले धेरै राहत भएको छ, खुशी छौँ।" अपाङ्गता भएकाहरूले परिचयपत्र नपाएको गुनासो महिला तथा बालबालिका कार्यालय फिदिम, पाँचथरमा राखेपछि कार्यालयले सिरिमाया तामाङलाई घरमा नै गएर परिचयपत्र दिएको थियो। परिचयपत्र पाएपछि उनीहरूले सरकारले दिने गरेको अपाङ्गता भत्तासमेत पाउन थालेका छन्। इन्सेककर्मी र अधिकारकर्मीको सकारात्मक प्रयासले आफ्नो अपाङ्गता भएका छोराछोरीको हेरचाह गर्न सहज भएको खुशी व्यक्त गर्दै सिरीमायाले अधिकारकर्मीहरूलाई धन्यवाद दिएकी छन्। ❍

# मदरसाका बालबालिकाले चिसोबाट मुक्ति पाए

झापा जिल्लाको साविक चकचकी गाविस हाल बारदर्शी गाउँपालिका-४ मुस्लिमहरूको बाहुल्यता रहेको गाविसमा आठ वटा मदरसाहरू रहेका छन्। जहाँ अहिले पनि बिहान ६ बजेदेखि ९ बजेसम्म धार्मिक गुरुहरूबाट पठनपाठन गरिन्छ। आर्थिक अवस्था कमजोर भएको त्यसमा पनि मुस्लिम समुदायका बालबालिका अनिवार्य रूपमा मदरसामा अध्ययन गर्न जानुपर्ने अवस्था छ। स्थानीय तहमा जनप्रतिनिधिहरू आइसकेपछि पनि मदरसाका लागि बजेट नछुट्याउँदा, बालबालिका भुइँमा बसेर पढ्नुपर्ने बाध्यताले चिसोको कारण अधिकांश विद्यार्थीहरूमा ज्वरो, रुघाखोकीजस्ता बिरामी हुने गरेको अभिभावकहरूको भनाइ छ। मुस्लिम समाज र मदसा बोर्डले पटकपटक स्थानीय सरकारलाई मदरसाको भौतिक निर्माणका लागि बजेट माग गर्दा पनि स्थानीय सरकारबाट सुनुवाइ नभएको मदरसा बोर्डका अध्यक्ष जागिर आलमले जानकारी गराए।

इन्सेकको सहयोग र निगरानी समूहको आयोजनामा २०७४ चैत ३० गते स्थानीयस्तरमा सेवाप्रदायक र सेवाग्राहीबीच अन्तरसंवाद कार्यक्रममा मदरसा र मुस्लिम समाजका अगुवाहरूको उपस्थिति रहेको थियो। समस्या सम्बोधनको माग गर्दै निगरानी समूहका अध्यक्ष मर्गूब आलमसहित ११ जना सदस्यहरू डेलिगेसन गएका थिए। अध्यक्ष खड्गप्रसाद राजवंशीबाट बारदर्शी गाउँपालिकामा रहेका सबै मदरसाका बालबालिकाहरूका लागि डेक्स बेञ्चको व्यवस्था गरी दिने र प्रत्येक मदरसालाई भौतिक निर्माणका लागि ५०,०००/- रुपियाँका दरले छुट्याइने प्रतिबद्धता व्यक्त गरे। त्यहीअनुरूप २०७५ भदौ ३० गते आठ वटा मदरसाहरूलाई ५०,०००/- रुपियाँका दरले जम्मा ४,००,०००/- रुपियाँ बजेट विनियोजन गरी डेक्स बेञ्चको पनि व्यवस्था गरिदिएको मदरसा बोर्डका अध्यक्ष जागिर आलमले जानकारी दिए। जुन कार्य आफूहरूले पटकपटक गाउँपालिकामा कुरा राख्दा पनि सुनुवाइ नभएको तर इन्सेक र निगरानी समूहको सहयोगका कारण भुइँमा बसेर पढ्ने विद्यार्थीहरू अहिले डेक्स बेञ्चमा बसेर पढ्न पाएको तथा मदरसा सहयोगका लागि बजेट पनि प्राप्त भएको भन्दै इन्सेक र निगरानी समूहलाई धन्यवाद दिए। ❍

# कारागारका बालबालिकालाई कुपोषणबाट जोगाउन पहल

विभिन्न आरोपमा कैद सजाय तोकिएका कारण कारागारमा बस्न बाध्य भएका बन्दीहरूको पनि मानव अधिकारको सुनिश्चिताको विषय विश्वव्यापी मान्यतामा आधारित छँदैछ। मोरङ कारागारमा बन्दी जीवन बिताइरहेका महिला बन्दी र तिनका आश्रित बालबालिकाहरूको अवस्थाको जानकारी लिन इन्सेक क्षेत्रीय संयोजक सोमराज थापा र इन्सेक मोरङ प्रतिनिधिको टोलीले ०७४ भदौ १५ गते अनुगमनका क्रममा महिला र बालबालिकाको समस्या अरुको भन्दा भिन्न र जटिल रहेको पायो। इन्सेक प्रदेश १ कार्यालय प्रलेख अधिकृत र इन्सेक मोरङ प्रतिनिधिले ०७४ भदौ २० गते महिला बन्दीतर्फका चौकीदार र महिला बन्दीहरूसँगको कुराकानी गर्दा क्षमताभन्दा करिब तीन गुणा बढी महिला बन्दीहरू एकै ठाउँमा राख्ने गरेको, स्वच्छ पिउने पानीको अभाव र ट्यूबवेलबाट आउने लेदो जस्तो धमिलो पानी पिउन बाध्य रहेको पीडा सुनाएका थिए। सीपमूलक तालिमहरू पाए आर्थिक उपार्जन गर्न सकिने र समय बिताउन पनि सहज हुने कुरा महिला बन्दीहरूले राखेका थिए। त्यसैगरी चारजना महिला बन्दीहरूको काखे बालकहरू आश्रित रहेको र उनीहरूलाई पोषणयुक्त खानाको अभावले कुपोषणको शिकार हुनु परेको सो क्रममा थाहा भयो।

सोही विषयको समाचार इन्सेक अनलाइनमा प्रकाशन गरी फेसबुकमार्फत सेयर गरिएको थियो जुन सार्वजनिक चासोको विषय बन्न पुग्यो। फलस्वरूप सेतो गुराँस संस्थाकी अध्यक्ष तथा जिल्ला बालकल्याण समितिकी सदस्य सरु केसीले राष्ट्रिय बाल दिवसको अवसर पारेर ०७४ भदौ २९ गते आश्रित बालकहरूका लागि सेरेलेस एक वर्षसम्म व्यवस्था गर्ने जानकारी गराइन् भने, एकसेट कचौरा, चम्चा, गिलास र कपडा इन्सेक प्रतिनिधिलगायत जिल्ला बालकल्याण समितिका पदाधिकारी, महिला बालबालिका कार्यालयका प्रतिनिधिहरू र केही सञ्चारकर्मीहरूको उपस्थितिमा हस्तान्तरण गरिन्। सहयोग गर्ने अनुकूलता मिलाएको भन्दै केसीले धन्यवाद दिइन्। ❍

# निगरानी समितिबाट गाउँ शिक्षा समितिमा

विराटनगरबाट १५ किलोमिटर दक्षिण भेगमा रहेको जहदा गाउँपालिकाका महिलाहरू अझै पनि पिछडिएका छन्। बालविवाहको समस्याको मारमा पर्ने यस ठाउँका महिलाहरू प्राय: जसो घरको काममा मात्र पोख्त हुनुपर्छ भन्ने सोचाइका कारण घरको काम र खेतीपातीमै बढी सीमित रहन्छन्। त्यसैको एक उदाहरण हुन् पुष्पाकुमारी साह। घर बाहिरको समाजसँग कुनै पनि सरोकर नराख्ने, आफ्नो अधिकारका बारेमा अनभिज्ञ, घरायसी कामबाहेक कुनै सामाजिक गतिविधिमा सहभागी हुने मौका उनले प्राप्त गरेकी थिइनन्। अन्य महिला तथा बालबालिकासरह उनी पनि घरधन्दा र खेतीपातीमै बेस्त हुन्थिन्। बस्तीहरूमा १० वर्षदेखि माथिका बालबालिका पनि खेतमा काम गरी घरपरिवारलाई आर्थिकमा सहयोग उपार्जन गर्ने गर्छन्।

इन्सेकले स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्यक्रम विशेष गरी शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका सवालमा परियोजना यस गाउँपालिकामा पनि सञ्चालन गरेको थियो। यस कार्यक्रमले महिला तथा सिमान्तकृत समुदायका महिलाहरूको पनि सहभागिता सुनिश्चित गर्ने प्रयास गरेको थियो। मानव अधिकार निगरानी समूह गठन प्रक्रियामा पुष्पाले पनि समूहमा आबद्ध भएर, केही कुरा सिक्ने इच्छा जाहेर गरिन् र समूहको सदस्यको रूपमा आबद्ध भइन् मानव अधिकार निगरानी समूहका सदस्यहरूको तालिम, गोष्ठी, छलफल तथा अन्तरक्रियाजस्ता कार्यक्रम नछुटाई सहभागी हुने र आफ्ना कुरा राख्ने गर्न थालिन्। समुदायको सवाललाई अध्ययन, अवलोकन गर्ने र उठेका सवाललाई सम्बन्धित निकायसम्म पुऱ्याउने काम गर्न थालिन्। उनको कामले समुदाय र सरोकारवालाबीच उनको परिचय स्थापित हुन थाल्यो। समाजबाट पाएको इज्जत, मानप्रतिष्ठाले उनको आत्माविश्वास बढ्दै गयो। उनी हरेक कार्यक्रममा अग्रसर भई मनमा लागेका कुराहरू बोल्ने र समूहको नेतृत्व गर्दै समुदायको सवाललाई सम्बन्धित निकायसम्म पुऱ्याउने काम गर्न थालिन्। उनी जिम्मेवारीहरू पूरा गर्ने र समूहमा नेतृत्व गर्नसमेत सक्ने भएकी छन्। जसको फलस्वरूप गाउँ शिक्षा समिति गठन हुँदा सामाजिक क्षेत्रको तर्फबाट उनलाई सबैले शिक्षा समितिको सदस्यमा सर्वसम्मतिले चुने। उनी २०७५ कात्तिक १९ गते जहदा गाउँपालिकाको गाउँ शिक्षा समितिको सदस्यमा सर्वसम्मतिले चुनिएकी हुन्।

उनले भनिन्- "इन्सेकको अभियानमा आबद्ध हुन पाएर मैले आफ्नो व्यक्तित्व विकास गर्ने मौका पाएकी छु। सामाजिक कार्यकर्ता हुन तथा नीति निर्णायक समितिहरूमा समेत बस्ने अवसर मिल्दा, समुदायमा मेरो आफ्नो परिचय बनेको छ। घरको चारदिवारमा मात्र सीमित रहेकी मैले सामाजिक आभियन्ताको रूपमा परिचय बनाउने, समुदायको सवालमा आवाज उठाउने मौका पाएकी छु।" ❍

# बर्थिङ सेन्टर स्थापनाले स्थानीय दङ्ग

मोरङ जिल्लाको दक्षिणी भेग जहदा गाउँपालिका-१ साबिक बुधनगर गाविसमा गरिब, किसान, मजदुर आदि बसोवास भएको क्षेत्रमा गर्भवती महिलालाई औषधी उपचार गर्न १५ किमि विराटनगर जानुपर्ने बाध्यता थियो। जसको कारण समयमा औषधी उपचार नपाउने र घरमै बच्चा जन्माउनु पर्दा आमा र शिशुको अवस्था जोखिमपूर्ण थियो। इन्सेकको सहयोग र मानव अधिकार निगरानी समूहले कार्ययोजना निर्माण गरी २०७४ मङ्सिर १ गते जहदा गाउँपालिका-१ को कार्यालयमा समस्या पहिचान तथा सरोकारवालाहरूको पहिचान र कार्ययोजना निमार्ण स्थानीय सेवाग्राहीका सवालमा जनप्रतिनिधि, गाउँपालिका स्वास्थ्य शिक्षाको संयोजक, कृषिका सदस्य, वडा अध्यक्ष र कार्यपालिकाका सम्पूर्ण सदस्यहरू उपस्थित भई स्थानीयस्तरमा रहेका समस्याहरूको बहस गरेको थियो। ती समस्याहरूलाई समाधान गर्नका लागि २०७४ पुस २३ गते सेवाप्रदायक र सेवाग्राहीबीच स्थानीय तहस्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको र उपस्थित सेवाग्राहीबाट स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर (प्रसुतीगृह सेवा) आवश्यक भएको भनी आवाज आएकाले जहदा गाउँपालिका अध्यक्ष कैलाशप्रसाद मण्डलको वचनबद्धता, मानव अधिकार निगरानी समूह र इन्सेकको पहलमा पहिलो पटक बर्थिङ सेन्टर (प्रसुती गृह सेवा) र एम्बुलेन्स सेवा सञ्चालनमा आएको छ। ❍

# इन्सेकले गरेको सहयोगले आँखाको ज्योति फर्कियो

महोत्तरीको पशुपतिनगर-४ का ७० वर्षीय रामबहादुर महतोको इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साहको पहलमा बर्दिवास आँखा अस्पतालमा आँखाको नि:शुल्क शल्यक्रिया भएपछि ज्योति पाएका छन्।

महोत्तरीको पशुपतिनगर-४ का जेष्ठ नागरिक महतोले उपचार सहयोगका लागि पहल गरिदिन इन्सेकका महोत्तरी जिल्ला प्रतिनिधि साहसँग आग्रह गरेका थिए। पिसावसम्बन्धी समस्याले थला परेका बहादुरले भनेका थिए-"के गर्ने आँखा देखिँदैन। बाँचे पनि मरेको झैँ लाग्छ मलाई।" इन्सेकअनलाइनमा २०७३ कात्तिक ३० गते 'उपचार सहयोगको लागि पहल गरिदिन इन्सेक समक्ष आग्रह' शीर्षकमा समाचारसमेत प्रकाशन भएको थियो।

महतो पाँच वर्षअघि दुवै आँखाको ज्योति गुमाएर घरमै बस्दै आएका थिए। २०७३ माघ ८ गते दाहिने आँखाको शल्यक्रिया सफल भएर माघ ९ गते नै आँखामा लगाइएको पट्टी खोल्नासाथै पतिले देख्न थालेपछि उनकी पत्नी ६७ वर्षीया मनतोरिया देवी फुरुङ्ग परिन्। आँखाको शल्यक्रियापछि इन्सेक महोत्तरी प्रतिनिधि साहसँगै महतोले भने- 'बाबु, अब हामीजस्ता दीनहीनलाई हेर्ने पनि कोही रहेछन् भन्ने लाग्यो।' उनले थपे- 'जिन्दगीबाट वाक्क भएको मैले नयाँ जिन्दगी पाएँ।'

आँखाको सफल शल्यक्रियापछि चरम गरिबीले रोग, भोक र बासको समस्या झेलिरहेको महतोको परिवारमा नयाँ जीवनको आशा पलाएको छ। पाँच वर्षअघि आँखाको ज्योति गुमाएका श्वासप्रश्वास (दम) बाट समेत ग्रसित महतोको बर्दिवास आँखा अस्पतालले नि:शुल्क शल्यक्रिया गरिदियो। यसैगरी पीडित परिवारलाई मधेसी कोरिया समाजले पुस १० गते ३७ हजार रुपियाँ आर्थिक सहयोग समेत गरेको छ। ❍

# पैरवीले आत्मनिर्भर बन्दै

सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका-६ मा रहेको थुम्पाखर स्वास्थ्य चौकीमा बर्थिङ सेन्टरको सुविधा थिएन। उक्त वडामा महिलाहरू सुत्केरी हुँदा खाडीचौरमा भएको प्राइभेट अस्पताल वा काठमाडौँमा रहेको अस्पतालहरूमा जाने गरेका थिए। घरदेखि टाढा महङ्गो खर्च गरेर उपचार गर्न पैसा नहुनेहरू स्वास्थ्य कर्मीको निगरानी नभएरै घरैमा सुत्केरी गराउन बाध्य थिए। कतिपय महिलाहरू र शिशुको स्वास्थ्यमा समस्या हुने गरेको अवस्था थियो।

थुम्पाखरमा इन्सेकको सहयोगमा गठन गरिएको मानव अधिकार निगरानी समूहलले वडा अध्यक्ष रामकुमार थापालाई २०७४ मङ्सिर १४ गते स्वास्थ्य चौकीमा बर्थिङ सेन्टरको मौखिक मागपछि वडा अध्यक्षको सक्रियतामा तत्कालिन स्वास्थ्य मन्त्री दोलखा जाँदै गर्दा वडा कार्यालय अगाडिको बाटोमा रोकेर २०७४ कात्तिक ११ गते निगरानी समूहका संयोजक रेखा थापाको नेतृत्वमा बर्थिङ सेन्टरको महसुस गराएर लिखित माग पत्र पेश गरेको थियो। त्यसपछि बर्थिङ सेन्टरलाई आवश्यक पर्ने भौतिक पूर्वाधारलगायत निर्माणका लागि मन्त्रालयबाट ७६ लाख र वडा कार्यालयबाट १० लाख रकम उपलब्ध गराई बर्थिङ सेन्टर २०७५ वैशाख १ गते सञ्चालन भएको छ। साथै, स्वास्थ्यकर्मीलाई बर्थिङ सेन्टर मा सुत्केरी सेवा दिन दक्ष जनशक्तिलाई दुई महिने तालिम पनि उपलब्ध गराइएको छ।

आफ्नो गाउँमा रहेको स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर सञ्चालनमा आएपछि त्यस भेगका महिलाहरूलाई सुत्केरी गराउन महङ्गो प्राइभेट अस्पतालमा लैजानु नपर्ने भएको छ। सुत्केरीको समस्याले आमा र बच्चाको मृत्यु हुने घटना रो किएको निगरानी समूहकी संयोजक रेखा थापा बताउँछिन्। गाउँमै सुत्केरी सेवा पाएकोमा त्यस भेगका सबै महिलाहरू दङ्ग छन्। ❍

# नियमित सञ्चालनमा स्वास्थ्य संस्था

धादिङ जिल्ला गल्छी गाउँपालिकाको वडा नं. ८ मा रहेको गोगनपानी स्वास्थ्य चौकी र वडा नं. ३ मा रहेको कल्लेरी स्वास्थ्य चौकी कहिलेकाँही मात्र खुल्ने गरेको थियो। स्वास्थ्य चौकी नियमित नहुँदा बिरामीहरूले सेवा नलिई फर्किनु पर्ने बाध्यता थियो। स्वास्थ्य चौकीमा समयमा कर्मचारी नआउने र कार्यालय कर्मचारी नबस्ने भएपछि स्थानीय तहमा जनता स्वास्थ्य सेवा पाउनबाट बञ्चित हुँदै आएका थिए। सर्वसाधरण बिरामी परेपछि कि घरमै बस्नुपर्ने या त महङ्गोमा उपचारका लागि काठमाडौँ जानुपर्ने अवस्था थियो। गाउँकै कोपिला बिसुन्खेले भनिन्- "कतिपल्ट स्वास्थ्य चौकीमा जाँदा समयमा कर्मचारी नआउने र कार्यालय समयमा कर्मचारी नबस्ने हुँदा फर्कनु परेको थियो। सिटामोल समेत पाउँदैनौँ।"

भवन निर्माण भए पनि अपुरो थियो। कल्लेरीमा इन्सेकको सहयोगमा गठन गरिएको मानव अधिकार निगरानी समूहलले वडा अध्यक्ष षडानन्द खनाल र जिल्ला स्वास्थ्य कार्यालय प्रमुखलाई २०७५ कात्तिक २७ गते लिखित जानकारीका दिई कर्मचारीको नियमित र अनुशासनमा राख्न आग्रह गर्दै पटकपटक गुनासो गरे। मानव अधिकार निगरानी समूहको पहलपछि कल्लेरी स्वास्थ्य चौकी भवनको मर्मतसम्भारका लागि गाउँपालिकाले पाँचलाख रुपियाँ उपलब्ध गरायो। निर्माण अपुरो भवनले पूर्णता पाएसँगै इन्सेक जिल्ला प्रतिनिधि र निगरानी समूहको माग भएअनुसार जिल्ला स्वास्थ्य कार्यालयले कल्लेरीमा स्वास्थ्यकर्मी पठाउनाले स्वास्थ्य सेवा नियमित भएको छ। महिला स्वयम्सेविकालाई पनि थप तालिमको व्यवस्थाका साथै औषधी अभाव हुनबाट मुक्त भएको छ। ६ महिना देखि त स्वास्थ्य चौकीमै उपचार पाइरहेको सेवाग्राही रुपा माझीले बताइन्। अब सानो तिनो बिरामी हुँदा हाम्रै गाउँमा उपचार सेवा पाउन थालेका छौँ। ❍

# विद्यालय छाडेका विद्यार्थीहरूको नि:शुल्क भर्ना

पर्वतको जलजला गाउँपालिका-७ की ३४ वर्षीया सेती परियारले गाउँकै ३२ वर्षीय गोविन्द दमाइसँग १७ वर्ष अघि विवाह गरेकी थिइन्। यसबीचमा उनीहरूका दुई छोरा जन्मिए। सेतीका पतिले २०७५ वैशाखमा दोस्रो विवाह गरेपछि पति र सौताले उनलाई पटकपटक दिने गरेको यातना खेप्न नसकेर माइतीमा बस्दै आएकी थिइन्। माइतीको शरणमा बस्दै आएकी परियारले न्यायको ढोकासम्म जाने आँट त गरिन् तर न्याय माग्ने मुख्य प्रमाण नै थिएन। सेती परियारसँग न विवाह दर्ता न नेपाली नागरिकताको प्रमाणपत्र नै थियो। नागरिकता प्रमाणपत्र बनाइदिन आग्रह गर्दा पतिले इन्कार गरेपछि पीडित सेती परियार  इन्सेकको सम्पर्कमा आइन्। इन्सेकको पहलमा विवाहको १७ वर्षपछि मात्रै सेतीले नेपाली नागरिकता पाइन्।

नागरिकता नभएको र बनाउन पहल गरिदिन आग्रह गरेपछि इन्सेक पर्वतको समन्वयमा उनले नेपाली नागरिकताको प्रमाणपत्र र विवाह दर्ताको प्रमाणपत्र प्राप्त गरिन्। इन्सेकले धाइरिङका वडा अध्यक्षसँग आवश्यक छलफल गरेको थियो। परिणाम २०५८ मङ्सिर २२ गते विवाह गरेकी सेती परियारको २०७५ कात्तिक ९ गते विवाह दर्ता भयो। सेती परियारको नागरिकताका लागि उनका पतिसँग पटकपटक सम्पर्क गर्दा घरमा नभेटिने र भाग्दै हिँड्ने गरेपछि कात्तिक २८ गते वडा कार्यालय धाइरिङमा उपस्थित गराई सनाखतका लागि मञ्जुरीनामा दिन इन्सेकले राजी गराएको थियो। सोही अनुरूप सेती परियारका ससुरा ६६ वर्षीय ठूले परियारले बुहारीलाई नागरिकता प्रमाणपत्र दिन सनाखत गरेपछि उनलाई २०७५ कात्तिक २९ गते जिल्ला प्रशासन कार्यालय, पर्वतका सहायक प्रमुख जिल्ला अधिकारी डिल्लीराम शर्मा पौडेलको हातबाट नेपाली नागरिकता प्रमाणपत्र प्रदान गरिएको थियो। सोसँगै पति गोविन्द दमाइले पालनपोषण र रेखदेखमा कुनै पनि विभेद नगर्ने भन्दै वडा कार्यालयमा नै लिखित प्रतिबद्धता गरे।

नागरिकता प्राप्त गरेपछि परियारले आफ्नो अधिकार खोज्ने ढोका खुलेको भन्दै खुसी व्यक्त गरिन्। "नागरिकता नहुँदा कहीँ कतै गएर पनि न्याय माग्न पाइन" उनले भनिन्। अब नागरिकता, विवाह दर्ता र छोराहरूको जन्म दर्ता भएपछि "जस्तोसुकै समस्या आए पनि न्याय पाउँछु भन्ने आशा छ" उनले खुशी हुँदै भनिन्।

नागरिकता प्रमाणपत्र प्रदान गर्दै सहायक प्रमुख जिल्ला अधिकारी डिल्लीराम शर्मा पौडेलले समस्या समाधानका लागि इन्सेकले खेलेको भूमिका र मानव अधिकार प्राप्तिका लागि इन्सेकको काम उल्लेख्य र प्रशंसनीय रहेको बताए। ❍

# मानव अधिकार निगरानी समूहका सदस्यहरूद्वारा खाद्य अधिकारका सवालमा पैरवी

कास्की फलफूल तथा तरकारी थोक र खुद्रा केन्द्रमा बिहानै तरकारी देशको विभिन्न स्थानहरूबाट आउने तर त्यसको प्रभावकारी अनुगमन नहुने र विषादीयुक्त फलफूल र तरकारी खानुपर्ने बाध्यता रहेको थियो। यस विषयमा कुनै सम्बन्धित निकायहरूको ध्यान गएको थिएन। व्यापारीहरूले जति चर्को मूल्यमा अस्वस्थ फलफूल र तरकारी ल्याए पनि नियमन गर्ने निकायले बेवास्ता गरेपछि स्थानीय जनताहरू चर्को मूल्य तिर्न बाध्य भएका थिए। राम्रो सागसब्जी, तरकारी आदिमा विषादीको मात्रासम्बन्धी ख्याल कसैले पनि गरेका थिएनन्।

जब मानव अधिकार निगरानी समूहको विभिन्न बैठक, अन्तरक्रिया र छलफल कार्यक्रमहरूमा विषादीयुक्त खाद्य वस्तुहरू बजारमा बिक्री गर्न ल्याइनाले थाहा नपाइ आमजनताले उपभोग गर्न बाध्य भएको र यसले स्वास्थ्यमा पार्ने नकारात्मक असरका विषयमा जानकारी गराएको थियो। इन्सेक, मानव अधिकार निगरानी समूह, गैसस महासङ्घ र अन्य सङ्घसंस्थाहरूको सक्रियतामा विषादीयुक्त खाद्य वस्तुको विषयमा सम्बन्धित निकायको ध्यान केन्द्रित गर्नको लागि जिल्ला कृषि कार्यालयमा बारम्बार मौखिक र लिखित जानकारी गराएको थियो। सोहीअनुरूप समस्या समाधानका लागि जिल्ला कृषि विकास कार्यालयद्वारा द्रूत विषादी मापन यन्त्रको जडान गरी कार्य सञ्चालन भइरहेको छ।

क्षेत्रीय बाली प्रयोगशालाका वरिष्ठ अधिकृत धनबहादुर रानाले "विषादी जाँच गरेर मात्र नहुने यसमा इन्सेक र मानव अधिकार निगरानी समूहद्वारा विषादीको मात्राको समेत मापन गर्नको लागि जिल्लास्तरीय कार्यक्रम गरेर जनताको खाद्य अधिकारको सवालमा सचेतना अभिवृद्धि गर्दा निकै प्रभावकारी रहने र यसको सहजीकरण गर्ने जिम्मेवारी क्षेत्रीय बाली संरक्षण प्रयोगशालालाई दिने जानकारी गराएको थियो। ❍

# सामूहिक भावनाको विकासमा योगदान

कास्की साविकको लुम्ले, हाल अन्नपूर्ण गाउँपालिका पूर्वमा माछापुच्छ्रे, पश्चिममा म्याग्दी जिल्ला, उत्तरमा पर्वत र दक्षिणीमा पर्वत र पोखरा लेखनाथ महानगरले घेरिएर रहेको छ। यस गाउँपालिकाको प्रमुख आयस्रोतमा पर्यटन, कृषि र पशुपालन रहेकोले यहाँका धेरै घरपरिवार यही पेशा गरेर जीविकोपार्जन गर्ने गर्दछन्।

सरकारले कृषि क्षेत्रको विकास र प्रबन्धका लागि विभिन्न नीति कार्यक्रम सञ्चालन गरे तापनि यस क्षेत्रका वास्तविक कृषकहरूले उपभोग गर्न पाइरहेका थिएनन्। किसानहरूमा पनि समन्वयको भावनाको कमीकमजोरीका कारण सरकारले प्रदान गर्नुपर्ने सेवा सुविधाबाट कृषक बञ्चित भएका थिए। कृषक र सम्बन्धित सरोकारवालाबीच सहज पहुँच पुगेको अवस्था थिएन। स्थानीय तहमा कृषि कार्यालयअन्तर्गतको इकाइले आफ्नो योजना अनुरूपका कार्यक्रम सञ्चालन गऱ्यो। तर किसानको वास्तविक समस्या सम्बोधन गर्नलाई दुवै पक्षको सहकार्य हुँदैन थियो।

इन्सेकले गाउँपालिकास्तरीय मानव अधिकार निगरानी समूह गठन गऱ्यो। उक्त समूहमा स्थानीय तहका किसान, समाजसेवी, शिक्षक, बुद्धिजिवी, महिला, दलित, जनजातिलागायतको समावेशी सहभागितामा १३ जनाको समूह गठन गरी समूहमा आबद्ध कृषकहरूले वैज्ञानिक कृषि प्रणाली तथा कृषकले पाउनुपर्ने सेवा सुविधा तथा अन्य अनुदानका कार्यक्रम नपाएको विषयमा विभिन्न बैठकमा छलफल हुन थाल्यो। लुम्लेका किसानहरू एकिकृत भई सम्बन्धित सरोकारवालासमक्ष आफ्ना समस्या राख्न थालेका छन्।

मानव अधिकार निगरानी समूहको नेतृत्वमा लुम्लेका कृषकहरूले कृषि प्राविधिलाई बेमौसमी खेती सम्बन्धमा तालिमको लागि माग गरेकोमा गाउँपालिकाबाट तालिमको व्यवस्था गरेको थियो। पछिल्लो समयमा गाउँपालिकाबाट माटो जाँच गर्दा वडा नं. १, २, ३ बाट मात्र १३ घरहरूबाट माटो परीक्षणमा आएको जानकारी कृषि प्रमुख शशिकुमार सिंहले जानकारी गराउनु भयो। मानव अधिकार निगरानी समूहद्वारा माटो परीक्षणको लागि गाउँपालिकामा दिएको माग पत्र थियो। सो माग पत्रपश्चात् गाउँपालिकाद्वारा गरिएको माटो परीक्षणमा २ सय जना कृषकहरूले माटो परीक्षण गराएका थिए। परीक्षणको लागि ल्याइएका अधिकांश माटोमा नाइट्रोजन, पोटास र फस्फोरसको मात्रा कम पाइएको साथै अम्लीयपन र क्षयीयपनको मात्रा पनि आवश्यकताभन्दा घटी बढी भएको पाइएको प्राविधिक हरिराम श्रेष्ठल बताए। कृषकहरू आफ्ना अधिकारको बारेमा सचेत भई, मागदावी गर्न सकेका र स्थानीय तहदेखि जिल्ला तहसम्म सामान्य विस्तार गर्न सकेकोमा आफूमा आत्माविश्वास बढेको बताउँदै, समूहमा रहेर सहकार्य सामान्य गर्न पाउँदा कृषकहरूबीचको सामुहिक भावनाको विकास भएको कृषक तथा मानव अधिकार निगरानी समूहका संयोजक रामलिला सुवर्णकारले बताए। ❍

# इन्सेक अनलाइनमा प्रकाशित समाचार शिव कुमालको उपचारको सहायक बन्यो

पाल्पा जिल्ला रिब्दीकोट गाउँपालिका-१ ख्याहा जोगीथुमका ७ वर्षीय बालक शिव कुमालको मानसिक अवस्था ठिक नभएको भन्दै उनको परिवारले सानै उमेरदेखि सिक्रीले बाँधेर राखेको थियो। यताउता जाँदा उनलाई डोऱ्याएर लैजाने गरिएको समाचार ०७५ जेठ १३ गते इन्सेकअनलाइनमा प्रकाशन भयो। सो समाचारलाई स्थानीय सञ्चार माध्यमहरूले पनि प्राथमिकताका साथ प्रकाशन गरे। सोही आधारमा जिल्ला बाल कल्याण समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद ढकालले उनको उपचारका लागि पहल गर्न सम्बन्धित निकायलाई निर्देशन दिएका थिए। रिब्दीकोट गाउँपालिका, महिला तथा बालबालिका कार्यालय, पाल्पा सिविआरलगायतका सङ्घसंस्थाहरूले बालककै घरमा पुगेर उनको थप उपचारका लागि ०७५ असार १७ गते युनाइटेड मिसन अस्पतालमा ल्याइ उपचार प्रक्रिया सुरु भयो। सोही दिन महिला तथा बालबालिका कार्यालयका निमित्त प्रमुख मनोज आचार्यले बालकको आमा पार्वती कुमाललाई "ख" वर्गको नीलो अपाङ्गता भएको परिचयपत्रलाई परिवर्तन गरी "क" वर्गको रातो अपाङ्गता भएको परिचयपत्र, उपचारको लागि ५ हजार नगद र बाटो खर्च १ हजार गरी ६ हजार रुपियाँ सहयोग प्रदान गरेको थियो। "ख" वर्गको नीलो अपाङ्गता भएको परिचयपत्रबाट मासिक ६ सय रुपियाँ पाउँछ भने "क" वर्गको रातो अपाङ्गता भएको परिचयपत्रबाट मासिक २ हजार रुपियाँ पाउँछ।

त्यसैगरी, सिक्रीले बाँधिएका बालक शिवलाई प्रजिअ ढकालले आफ्नो कार्यकक्षमै लगेर उनको चालचलन बानी व्यवहार अवलोकन गरी भरपर्दो उपचारको लागि सरकारी तवरबाटै पहल गर्ने बताए। त्यसैगरी, बालकको घरमै पुगेर उनको अवस्थाबारे जानकारी लिएका पाल्पा सिविआरका कार्यक्रम प्रमुख कृष्ण गहतराजले उनको अपाङ्गता ७० प्रतिशत ठिक हुने र उनले गर्दै आएको बानी व्यवहार अनौठो खालको भए पनि परिवर्तन गर्न सकिने यो अटिजमको अवस्था हो। बालक र आमासँगै राखेर राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत उनको उपचार प्रक्रिया चल्दासम्म दैनिक रूपमा आमा र बच्चाको लागि ५ सय रुपियाँ प्रदान गर्नेसमेत उनले बताए। एक महिनासम्म युनाइटेड मिसन अस्पतालमा उपचारपछि थप उपचारका लागि काठमाडौँ रिफर गऱ्यो। ❍

# घरेलु हिंसा पीडितले न्याय पाइन्

दाङ जिल्ला डुरुवा गाविस-८ भोजपुरकी १८ वर्षीया मनिषा रोकाले सोही ठाउँका २३ वर्षीय अनिल नेपालीसँग ०७० मङ्सिर ३० गते अन्तरजातीय विवाह गरेकी थिइन्। राम्रोसँग चलेको उनीहरूको वैवाहिक सम्बन्धको एक वर्षपछि अनिलले मादक पदार्थ सेवन गरेर विभिन्न आरोप लगाउँदै पत्नीलाई कुटपिट गर्न थाले। मनिषाले आफूमाथि भएको हिंसा खुलेर विरोध गर्न सकेकी थिइनन्। अनिलले मनिषालाई ०७३ जेठ १९ गते शरीरमा चोटपटक देखिने गरी कुटपिट गरेका थिए। हिंसा सहन नसकी उनले माइतीलाई गुहारिन्, तर माइती पक्षले पनि भागेर अन्तरजातीय विवाह गरेको भन्दै वास्ता गरेनन्। न्यायको खोजीमा भौँतारिएकी मनिषालाई त्रिपुर नपा-३ झारबैराकी उनकै सानीआमाकी छोरी देवा केसीले घरमा ल्याएर आश्रय दिई उपचारसमेत गरिन्। साथै, देवाले नजिकैको सिद्धरत्ननाथ उमाविमा कक्षा नौमा मनिषालाई भर्ना गरी दिइन्। विद्यालयमा भर्ना भए पनि विद्यालय जान पोशाक, किताब र कापी कलमको अभाव खेपेकी मनिषा कानुनी तथा आर्थिक समस्यामा परेको उनकै आफन्तले दाङस्थित इन्सेक जिल्ला प्रतिनिधि जयनारायण पुनलाई जानकारी गराए।

इन्सेक जिल्ला प्रतिनिधिले ०७३ असार २० गते मनिषालाई त्रिपुर नपा-३ झारबैराबाट सदरमुकाम घोराहीसम्म ल्याए। उनले मनिषालाई मनोविमर्श सेवाका लागि अस्पतालमा आधारित लैङ्गिक हिंसासम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (ओसीएमसी) मा पुऱ्याए। ओसीएमसीबाट मनिषाले उपचार तथा मनोविमर्श सेवा पाइन्। मनोविमर्शकर्ता एवम् स्टाफ नर्स राधा पौडेलको मनोविमर्श सेवापछि मनिषालाई कानुनी उपचारका लागि जिल्ला अदालत बार एशोसियशनसँग समन्वय गरियो। कुटपिट र मानसिक हिंसा खेपेकी मनिषाले माइतबाट अर्को विवाह गर्न दवाव खेपिरहेकी छन्। तर, उनलाई पढेर केही गर्ने मन छ। त्यसका लागि वातावरण र सानोतिनो सहयोगको खाँचो परिरहेको थियो। उनले सम्बन्धविच्छेद गरेर ढुक्कसँग पढ्ने योजना बनाइन् पनि पति त्यसको बाधक बनेका छन्। पतिले मार्ने धम्की दिने, मान्छे लगाएर जिस्क्याउनेदेखि माइतीलाई समेत धम्क्याइरहेका छन्। तर उनी मनिषालाई घर लगेर पढाउन तयार छैनन्। तसर्थ उनको कानुनी निकासका लागि इन्सेकले जिल्लास्तरीय सेवा केन्द्रसम्म पुऱ्याएको छ भने तत्काल पढ्ने वातावरणका लागि र आवश्यक शैक्षिक सामग्री खरिदका लागि मानव अधिकारमैत्री वातावरण निर्माणका लागि जवाफदेहिता प्रवर्द्धन कार्यक्रमअन्तर्गत एक हजार रुपियाँ मनिषालाई सहयोग गरेको थियो। ❍

# न्याय प्राप्तिमा इन्सेकको पैरवी

प्यूठान जिल्ला प्यूठान नगरपालिका-१३ की ३५ वर्षीया कमला पाण्डेको पतिसँग प्राय: झैझगडा हुने र सामान्य विषयमा पनि विवाद हुँदै आएको थियो। सामान्य विषयमा पनि पति दिनहुँ झर्कने, झगडा गर्ने हुँदा कमलामा निराशा बढ्दै मानसिक समस्याबाट पीडित भएकी थिइन्। पतिले कुटपिट गर्ने, विवाद गर्ने क्रम बढ्दै गएपछि कमलाको माइत जाने क्रम बढेको थियो। सोही क्रममा कमलाका ३७ वर्षीय पति विनोद पाण्डेले सोही नपा-१५ की ३४ वर्षीया एक महिलासँग ०७३ असोज ३० गते बहुविवाह गरेको उनले थाहा पाइन्।

माइत गएकी कमलाले पतिले दोस्रो विवाह गरेको विषयमा थाहा पाएपछि इन्सेक जिल्ला प्रतिनिधि रविन्द्र पाण्डेलाई आफू अन्यायमा परेको बताउँदै न्यायको लागि पहल गर्न अनुरोध गरिन्। इन्सेक जिल्ला प्रतिनिधिले घटना विवरण लिई पीडित र गाउँका उनका आफन्तलाई कानुनी प्रक्रियाका बारेमा जानकारी गराए। पीडितले इलाका प्रहरी कार्यालय बिजुवारमा ०७३ कात्तिक १ गते उजुरी दिइन्।

पीडितको उजुरीपछि आरोपित पतिलाई प्रहरीले ०७३ कात्तिक २ गते घरबाट गिरफ्तार गऱ्यो। सोही दिन प्रहरीले इलाका प्रहरी कार्यालय बिजुवारमा घटनाका बारेमा छलफल गरायो। छलफलपश्चात् विनोदको दोस्रो पत्नीका माइतीले आफ्नी छोरीलाई आफूसँग घर लगेपछि कमला र पतिबीच मिलापत्र भयो। दुई छोरी र एक छोराकी आमा कमलाका पतिले आजभोलि पत्नीलाई राम्रो व्यवहार गरेको कारण कमलाको जीवनमा खुसी पलाएको छ।

# इन्सेकको पहलमा राहत

बाँके जिल्ला राप्ती सोनारी गाउँपालिका साविकको विनौना गाविस-९ की सीता कामीका पति उमलाल कामीको सशस्त्र द्वन्द्वको क्रममा २०६१ असार १५ गते सुर्खेत जिल्लाको तत्कालीन मेहेलकुना गाविस-१ मा सुरक्षाकर्मीले हत्या गरेका थिए। हत्या भएको १४ वर्ष भइसक्दासमेत मृतककी पत्नी सीता कामीले राहत पाएकी थिइनन्।

स्थानीय शान्ति समिति, बाँकेको ०६८ जेठ ४ गतेको बैठकले राहतका लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस गरेको र जिल्ला प्रशासन कार्यालयले कार्यदलमा पठाए/नपठाएको एकीन तथ्य नखुलेको र जिल्ला प्रशासनमा बुझ्दा फाइल नभेटिएको जवाफ आएपछि मृतककी पत्नी सीता कामीले राहत नपाएको भन्दै ०७१ माघ २० गते जिल्ला प्रशासन कार्यालयमा निवेदन दिई इन्सेक नेपालगञ्जमा बोधार्थ दिएकी थिइन्।

पीडितले इन्सेकमा निवेदन दिएपछि इन्सेकको पहलमा ०७१ माघ २६ गते गाविसको सिफारिस, विवाह प्रमाणित गरी ०७१ माघ २७ गते स्थानीय शान्ति समितिमा निवेदन दर्ता भयो। इन्सेकले सोही दिन स्थानीय शान्ति समितिले गरेको निर्णय प्रतिलिपि उतारेर ०७१ माघ २७ गते प्रहरी मुचुल्का तयार गरी ०७१ फागुन ३ गते स्थानीय शान्ति समितिमा फाइल खडा गरी निवेदन पेश गरेको थियो। पीडित परिवारले ०७५ साउन १० गते १० लाख रुपियाँ राहत पाए। इन्सेकको सहयोगले १४ वर्षपछि आफूले राहत प्राप्त गरेको र इन्सेकको सहयोग नभएको भए आफूले राहत नपाउने सीता कामीले बताएकी थिइन्। ❍

# निगरानी समूहको भण्डारी पुरस्कृत

तत्कालीन दर्लमडाँडा गाविसको दरुङ्गामा २०३४ सालमा भगवान भण्डारीको जन्म भएको हो। उनी अहिले मानव अधिकार निगारानी समूह पाल्पाका संयोजक छन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले पाल्पा जिल्लामा २०७३ सालबाट स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्यक्रम सञ्चालन गरेपछि उनकै नेतृत्वमा जिल्लास्तरीय मानव अधिकार निगरानी समूह गठन गरियो।

भण्डारीको नेतृत्वमा रहेको मानव अधिकार निगरानी समूहमा पत्रकार, मानव अधिकारकर्मी, कानुन व्यवसायीलगायत रहेका छन्। यो निगरानी समूहले सुरुवाती समयदेखि नै पाल्पामा रचनात्मक अभियानहरू चलाउँदै आएको कारण मानव अधिकार निगरानी समूहले जिल्लामा आफ्नो बेग्लै पहिचानसमेत बनाउन सफल भयो। उनको पाल्पा कारागारमा ल्याण्डलाइन फोन जडान, पाल्पा जिल्ला अस्पतालमा सरकारी फार्मेसी व्यवस्थापनसहित उपकरण सम्पन्न बनाउनेदेखि वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइरालाको टोलीलाई ल्याएर १ हजार जनाभन्दा बढीको निःशुल्क मुटु जाँच, पाल्पा कारागारमा आश्रित बालबालिकाका लागि शिक्षा, अभिभावकविहीन भएपछि अप्ठेरोमा परेका बोटे समुदायका बालबालिकाको उद्धार उनीहरूको उचित शिक्षाका लागि नेतृत्वदायी भूमिका रहेको छ।

कार्यक्रम सञ्चालित चापपानी र खानीगाउँ जोडिने मोटरबाटो चिलाँगदी, चापपानी राम्दी सडकको स्तरोन्नतिको काम ठेक्का भए पनि काम नहुँदै म्याद सकिने अवस्थामा थियो। मानव अधिकार निगरानी समूहको पटकपटकको जिल्लास्तरीय ध्यानाकर्षण गर्ने काम केही हदसम्म सुरु भएको र बाटोको काममा पहल गरेको देखेपछि स्थानीयले भण्डारीलाई यो बाटोको अध्यक्षसमेत बनाएका थिए। उनको सामाजिक क्रियाशीलताकै कारण २०७४ असारको स्थानीय तह निर्वाचनमा उनले बगनासकाली वडा नं. ५ दर्लमडाँडाको वडा अध्यक्षको टिकट पाए पनि उनले मानव अधिकार निगरानी समूहकै माध्यमबाट धेरै सामाजिक काम गर्न सकिने भन्दै टिकट लिएनन्। उनी उम्मेद्वार भएनन्। यसरी उनले सामाजिक जागरणको क्षेत्रमा गरेको कामको सम्मान स्वरूप २०७६ वैशाख ३ गते राष्ट्रपतिबाट विभूषित भएका छन्। संविधान दिवसको अवसरमा गत असोज ३ गते घोषणा गरिएको जनसेवा श्री पाँचौं पदकबाट नयाँ वर्षको अवसरमा राष्ट्रपति भवन शित्तल निवासमा आयोजित विशेष समारोहका बीच उक्त पदक र प्रमाणपत्र राष्ट्रपति भण्डारीले प्रधान सम्पादक भण्डारीलाई प्रदान गरिन्। निगरानी समूहको कामले आफूलाई थप उत्साह दिएको भन्दै आगामी दिनमा समेत निगरानी समूहमार्फत विभिन्न रचनात्मक अभियानहरू चलाइने भण्डारीले बताएका थिए। ❍

# बर्थिङ सेन्टर र ल्याब सेवा सञ्चालन

मानव अधिकार निगरानी समूहको बैठकले कपिलवस्तु नपा-६ तिलौराकोटअन्तर्गत स्वास्थ्यचौकीमा बर्थिङ सेन्टर नहुँदा गर्भवती तथा सुत्केरी महिलाले घरमै सुत्केरी गराउनुपर्ने तथा सुत्केरी गराउन बाहिर जिल्ला बुटवल जानु परेको र गर्भवती महिलाले नियमित स्वास्थ्य जाँचमा समस्या भएकोजस्ता समस्या पहिचान गरेका थिए।

उक्त समस्या समाधानका लागि निगरानी समूहका सदस्यहरू बैठक बसी मागदावी गर्ने तथा सम्बन्धित निकायसँग समस्या समाधानका लागि अनुरोध गर्ने योजना बनाए। विभिन्न चरणको निगरानी समूहका सदस्यहरूको बैठक, स्थानीय तहका सेवा प्रदायक र सेवाग्राहबीचको अन्तरक्रिया कार्यक्रमहरूमा उक्त सवालहरू छलफल भई स्वास्थ्यसम्बन्धी कार्ययोजनामा उक्त सवाललाई समेटिएको थियो। स्वास्थ्यचौकीका इन्चार्ज विकास झाले निगरानी समूहसँग सहकार्य गर्दै बर्थिङ सेन्टर सञ्चालनमा महत्वपूर्ण भूमिका निभाउनुको साथै पहल गर्ने प्रतिबद्धतासमेत गरेका थिए। मानव अधिकार निगरानी समूहको मागपत्रलाई सम्बोधन गर्दै बर्थिङ सेन्टर सञ्चालन गर्न जिल्ला स्वास्थ्य प्रमुखले औषधी उपकरण तथा आवश्यक कर्मचारीहरूको व्यवस्थापन गर्ने, आइएनएफपीले भौतिक तथा उपकरण दिने र नगरपालिकाले आर्थिक सहयोग गर्ने सहमति भएको थियो। हाल स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर र ल्याब सेवा सञ्चालनमा आएको छ। उक्त बर्थिङ सेन्टरबाट मासिक ५, ६ जना गर्भवती महिलाहरूले सेवा लिइरहेका छन्। ❍

# बोटे बालबालिकाले पाएः गुणस्तरीय शिक्षा र आवास

पाल्पा, बगनासकाली गाउँपालिका-७ खानीगाउँका १५ वर्षीया हेमा बोटे र उनका भाइ १० वर्षीय बुद्ध बोटेले आमा बाबुको निधनपछि बेसहारा भई बिचल्लीमा पर्नुका साथै विद्यालयसमेत जान छाडेका थिए। आमाको मृत्यु तीन वर्षअघि र खुट्टासम्बन्धी रोगले ग्रस्त भएका बाबुको मृत्यु एक वर्षअघि भएको थियो। आमाबाबुको निधनपछि उनीहरू हजुरआमासँगै बस्दै आएकोमा तीन महिनाअघि हजुरआमाको पनि मृत्यु भएपछि उनीहरू थप समस्यामा परेका थिए। बुद्ध शारीरिक रूपमा स्वस्थ भए पनि हेमा सहजरूपमा हिँड्डुल गर्न सक्दिनन्।

सहाराविहीन बालबालिकाको अवस्था बुझ्न इन्सेक प्रतिनिधि कात्तिक २५ गते बालबालिकाको घरमा पुगी उनीहरूको वास्तविकता बुझी समुदायसँग छलफल र अन्तरक्रिया गरेका थिए। सो अन्तरक्रिया र छलफलको फोटोसहितको समाचार इन्सेक अनलाइनमा कात्तिक २६ गते प्रकाशन भएपछि जिल्लाका विभिन्न सञ्चार माध्यमले प्राथमिकता दिएर समाचार प्रकाशन तथा प्रशारण गरेका थिए। इन्सेक अनलाइनमा समाचार प्रकाशन भएपछि बगनासकाली गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्याल उनीहरूको घरमै पुगेर सहयोग प्रदान गर्नुका साथै पुनर्स्थापना गर्ने प्रतिबद्धता जनाएका थिए। इन्सेक प्रतिनिधिकै सहजीकरणमा गाउँपालिका, वडा कार्यालय र महिला तथा बालबालिका कार्यालयसँगको समन्वयमा प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद ढकाललाई विस्तृत जानकारी गराउनुका साथै उनीहरूलाई तत्काल बालगृहमा राखी खाने, बस्ने र पढ्ने व्यवस्था मिलाउने पहल गरिदिन आग्रह गरिएको थियो। प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद ढकालको कार्यकक्षमा भएको बैठकपछि महिला तथा बालबालिका कार्यालय पाल्पाका निमित्त प्रमुख मनोज आचार्य, बगनासकाली गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्याल, इन्सेक प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिना, खानीगाउँका वडा सचिव हरिप्रसाद बस्याल, स्थानीय बोटे अगुवा शान्ति बोटेले उनीहरूलाई कात्तिक २९ गतेबाट अभियान नेपालले सञ्चालन गरेको सिलोम बालगृह तानसेन ध्रुवघाटमा बस्ने व्यवस्था मिलाइएको थियो। उनीहरू दुवै जनाको जन्म दर्तासमेत बनाइएको छ।

उनीहरूका लागि गाँस, बास र कपाससहित अध्ययनको व्यवस्थापन बालगृहले नै मिलाएको अभियान नेपालका अध्यक्ष पुननारायण श्रेष्ठले बताएका थिए। हेमा र बुद्ध बालगृहमा खुशीका साथ बसेका छन्। हेमाको शारीरिक तथा मानसिक विकास सुस्त रूपमा भइरहेको भन्दै बालगृहकै खर्च व्यवस्थापनमा एक जना कुरुवाको समेत व्यवस्था गरी युनाइटेड मिसन अस्पतालमा उनलाई आवश्यक भिटामिनहरू खुवाउने काम भइरहेको छ। ❍

# विद्यालय व्यवस्थापन समितिमा चेतना समूहका सदस्य छनोट

माध्यमिक विद्यालय जजरागाउँमा बालअधिकार चेतना समूह गठन पूर्व विद्यालय व्यवस्थापन समितिमा कुनै पनि बालबालिकाको सहभागिता हुँदैनथ्यो। चेतना समूहमा आबद्ध बालबालिकाले विद्यार्थीका समस्याका बारेमा आवाज उठान व्यवस्थापन समितिमा बालबालिकाको पनि सहभागिता हुनुपर्ने माग विभिन्न कार्यक्रममा राख्न थाले। बालबालिकाको सक्रियता, चासो र मागका बारेमा विद्यालय प्रशासन र व्यवस्थापन समिति सकारात्मक भएको बताएका थिए। बालबालिकाको मागको सुनुवाइ गर्दै विद्यालय व्यवस्थापन समितिको हरेक बैठकमा बालअधिकार चेतना समूहको तर्फबाट अध्यक्ष, सचिव र कोषाध्यक्षमध्येबाट २ जनालाई उपस्थित गराउन थालिएको चेतना समूहका संरक्षक शिक्षक ध्रुवराज अधिकारीले बताए।

व्यवस्थापन समितिको बैठकमा बालबालिकालाई सहभागी गराउनुपर्छ भन्ने ध्यान नगएको विद्यालयका प्रधानाध्यापक टंकबहादुर वलीले बताए। प्र.अ. वलीले भने-"इन्सेकले बालअधिकार चेतना समूह गठन गरेकोले बालबालिकाले आफ्नो अधिकारका बारेमा जानकारी हासिल गर्न सके। जसले गर्दा उनीहरू आफ्नो समस्याका बारेमा बैठकमा जानकारी गराउन सक्ने भएका छन्। र उनीहरूको समस्या पनि सम्बोधन गर्न हामीलाई निकै सहज भएको छ।" ❍

# सामाजिक अभियानमा सक्रिय बन्दै युवा समूह

इन्सेकको पहलमा पाल्पामा गठन भएको बेद युवा समूह हाल आएर सामाजिक अभियन्ताको रूपमा पहिचान हुन सफल भएको छ। ११, १२ कक्षामा अध्ययनरत् युवा समूह गठन गर्दा काम, कर्तव्य र अधिकारको बारेमा केही पनि जानकारी थिएन। विभिन्न तालिम, गोष्ठी र अन्तरक्रियामा निरन्तर सहभागी भइसकेपछि अधिकार र कर्तव्य बारेमा जानकारी पाएपछि इन्सेकको थोरै आर्थिक तथा मानवीय सहयोगका कारण स्थानीय तहमा युवाले पनि केही गर्न सकिन्छ भन्ने उद्देश्यले गाउँपालिकामा प्रस्तावना पत्र पेश गरेको समूहका अध्यक्ष बरुण बस्यालले बताएका थिए। बगनासकाली गाउँपालिकाले पनि युवाहरू जोस र जागरसहित आएको हुँदा

सहयोग गर्नुपर्छ भन्ने उद्देश्यले युवाहरूलाई अदुवा खेतीका लागि तालिम र ३ सय केजी अदुवाको बीउ उपलब्ध गराएको थियो। उक्त बीउ लगाउनका लागि बगनासकाली गाउँपालिकाको वडा नं. ८ बराङ्गदी न्यौपाने डाँडामा ३ रोपनी जग्गा भाडामा लिई सामुहिक अदुवा खेती लगाउन सफल भएका थिए। युवाहरूको मेहनतले ८ सय ३४ केजी अदुवा उत्पादन भएको र प्रति केजी ६० रुपियाँका दरले अदुवा बिक्रीबाट ५० हजार आम्दामी भएको थियो। सो रकमबाट युवा समूहले समुदायस्तरमा रचनात्मक अभियानहरू सञ्चालन गर्ने युवा समूहका अध्यक्ष बरुण बस्यालले बताएका थिए। युवा समूहले आगामी कार्यक्रमअन्तर्गत युवा समूहलाई संस्थागत गर्न गाउँको बीचमा रहेको सामुदायिक भवनमा वडा कार्यालय समन्वयमा कार्यालय तथा सूचना केन्द्र र पुस्तकालय सञ्चालन गर्ने, युवा सरोकारका विषयमा अन्य सामाजिक अभियानहरू सञ्चालन गर्ने विपन्न परिवारका जेहेन्दार विद्यार्थीलाई झोला तथा शैक्षिक सामग्री प्रदान गरेका थिए। बगनासकाली ७ र ८ को सङ्गमस्थल देउरालीमा फागु संस्कृति संरक्षण कार्यक्रम, चेतनामूलक सडक नाटक प्रदर्शन, स्वलो बाइक रेस तथा अन्य रचनात्मक क्रियाकलापहरूसमेत सम्पन्न गरेको समूहका सचिव जीवन न्यौपानेले बताएका थिए। ❍

# निगरानी समूहको पहलमा मानसिक रोगीको उपचार

मानसिक अपाङ्गता भएका कारण उपचार पाउन नसकेको खबर स्थानीय पत्रपत्रिका तथा रेडियोमा समाचारमा प्रकाशित भएपछि मानव अधिकार निगरानी समूहले कपिलवस्तु जिल्ला बुद्धभूमि नपा-३ का वडा अध्यक्षलाई भेटेर घटनाको विषयमा जानकारी गराइएको थियो। एउटै परिवारका तीन जना बाबु, छोरा, छोरी मानसिक रोगका कारण उपचार हुन नसकेको भन्ने जानकारी पाएपछि निगरानी समूहकी संयोजक पुष्पा रेग्मीको नेतृत्वमा ०७५ साउन २ गते जिल्ला प्रशासन कार्यालयमा गई प्रमुख

जिल्ला अधिकारी मदन भुजेललाई उपचारमा सहयोगका लागि प्रमुख जिल्ला अधिकारीलाई मानव अधिकार निगरानी समूहले ज्ञापन पत्र बुझाएको थियो। प्रमुख जिल्ला अधिकारी मदन भुजेल, इन्सेक प्रतिनिधि नन्दराम पौडेल, मानव अधिकार निगरानी समूह संयोजक पुष्पा रेग्मी र वडाअध्यक्ष गोविन्द्रप्रसाद आचार्यलगायतको टोली २०७५ साउन २ गते स्थलगत अनुगमनको क्रममा एकै परिवारका तीन जना सदस्य बुद्धभूमि नगरपालिका वडा न ३ दुविया टाकुका ४५ वर्षीय धनबहादुर पुन, उनकी २२ वर्षीया जेठी छोरी रमा पुनमगर र १५ वर्षीय छोरा विजय पुनमगर आर्थिक समस्याका कारण उपचार नपाई घरमै मानसिक रोगका कारण छट्पटाई रहेका थिए भने ११ वर्षीया कान्छी छोरीले सिङ्गो परिवारको रेखदेख गरिरहेकी थिइन्। उनले पढ्न लेख्न पाएकी थिइनन्। अनुगमकै क्रममा प्रमुख जिल्ला अधिकारीले १ हजार रुपियाँ सहयोग गरेका थिए। मानव अधिकार निगरानी समूहको संयोजक तथा इन्सेक प्रतिनिधिको पहलमा विभिन्न व्यक्तिहरूको सहयोगबापत १६ हजार ५ सय रुपियाँ रकम सङ्कलन गरी इन्सेक ५ नं. प्रदेश संयोजक भोला महतको उपस्थितमा २०७५ असोज १२ गते पीडित परिवारको घरमै पुगी उपचारका लागि सहयोगस्वरूप वडा अध्यक्ष आर्चायमार्फत रकम हस्तान्तरण गरिएको थियो। उपचारपछि उनीहरूको परिवारको स्वास्थ्यको अवस्थामा सुधार आएको छ। ❍

# बर्थिङ सेन्टर स्थापना

बाँके जिल्ला बैजानाथ गाउँपालिका वडा नं १ चिसापानीमा स्वास्थ्य संस्था भए पनि बर्थिङ सेन्टर नहुँदा र एम्बुलेन्स सेवा नहुँदा सुत्केरी हुन आउने महिलाहरूलाई समस्या पर्ने गरेकोले बिरामीहरू कोहलपुर जानुपर्ने र सबैले महङ्गो शुल्क तिर्नुपर्ने अवस्था रहेको थियो। बर्थिङ सेन्टर स्थापनाका लागि २०७४ मङ्सिर २९ गते जिल्ला जनस्वास्थ्य कार्यालयमा डेलिकेशन गएका थिए। जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुखले केही उपकरणसहित डेलीभरी बेड चिसापानी पुऱ्याउने मौखिक प्रतिबद्धता गरी केही दिनमै आवश्यक सामग्री गाउँपालिकामार्फत एक जना स्वास्थ्यकर्मी नियुक्त गरेर बर्थिङ सेन्टर सञ्चालनमा आएको छ। स्वास्थ्य चौकीका इञ्चार्ज धन गिरीअनुसार “बर्थिङ सेन्टर स्थापनापश्चात् मासिक ५, ६ जनाले सो सुविधा लिने गरेका छन्। ❍

# बाढीपीडितको पक्षमा उच्च अदालतको आदेश

बाँके र बर्दिया जिल्लामा ०७३ साउन महिनामा आएको बाढी, डुबान र सोबाट भएको ठूलो जनधनको क्षतिका साथै नागरिकलाई परेको असर, पीडितको उद्धार, स्वास्थ उपचार, राहत र पुनर्स्थापनाको विषय तथा दैवी प्रकोपबाट नागरिकको स्वास्थ्य र वातावरणसम्बन्धी अधिकारमा पर्न सक्ने असरको विषय सार्वजानिक हित र सरोकारको विषय भएकोले विपक्षीहरूका उपर परमादेशको आदेशलगायत उपयुक्त आदेश जारी गरिदिन रिट दायर गरियो।

बाँके र बर्दिया जिल्लामा गत वर्ष आएको बाढीले पुऱ्याएको क्षतिपूर्तिको उचित राहत र बसोबासको व्यवस्थाका विषयमा उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासमा ०७४ भदौ १९ गते सरोकारवाला निकायलाई विपक्षी बनाएर अन्तरिम आदेशसहितको परमादेश जारी गराई पाउँ भन्दै रिट निवेदन दर्ता गराइयो। इन्सेक बाँके जिल्ला प्रतिनिधि विनोद पाण्डे, अधिवक्ता विश्वजीत तिवारी, बर्दिया सूचना र मानव अधिकार अनुसन्धान केन्द्रका सोमबहादुर गुरूङले जिल्ला प्रशासन कार्यालय बाँके, बर्दिया, जिल्ला दैवी प्रकोप उद्धार समिति, जिल्ला प्रशासन कार्यालय बाँके र बर्दियाविरूद्ध रिट निवेदन दायर गरेका थिए। उच्च अदालत तुलसीपुर इजलास नेपालगञ्जमा ०७४ भदौ १९ गते परेको सार्वजनिक सरोकारको रिट निवेदनमा उच्च अदालत तुलसीपुर इजलास नेपालगञ्जका न्यायाधीश सारङ्गा सुवेदी र गणेशप्रसाद बरालको संयुक्त इजलासले विपक्षीको नाउँमा परमादेश जारी हुने गरी ०७५ असार २० गते फैसला गऱ्यो।

विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०१६ बमोजिम जिल्ला विपत व्यवस्थापन समिति गठन भइसकेको अवस्था हुँदा विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६(२) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(९) द्वारा निर्देशित गरेबमोजिम विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि प्रभावकारी तत्कालिन, अल्पकालिन र दीर्घकालीन कार्य गर्न गराउन तत्कालिन जिल्ला दैवी प्रकोप उद्धार समिति बाँके र जिल्ला दैविप्रकोप उद्धार समिति, बर्दिया र हालको जिल्ला विपद् व्यवस्थापन समिति, बाँके र बर्दियाको नाउँमा परमादेश जारी गरेको छ। ❍

# ध्वनि प्रदुषणविरुद्ध उच्च अदालतको आदेश

बाँके जिल्लाको सदरमुकाम नेपालगञ्ज एक ऐतिहासिक शहरका रूपमा चिनिन्छ। विभिन्न धर्मालम्बीहरूको बसोवास रहेको नेपालगञ्जमा हिन्दु र मुस्लिमहरूको बाहुल्यता बढी रहेको छ। विभिन्न धर्मालम्बीहरूका आआफ्नै रितिरिवाज संस्कृतिहरू हुन्छन्। नेपालगञ्जमा प्राय: हिन्दु, मुस्लीम र शिख धर्मालम्बीहरूले धार्मिक प्रवचन, बाजा, भजन, विवाह, उत्सवमा ठूलो आवाजमा स्पीकर लगाउने र सवारी साधनका कारणले ध्वनी प्रदुषण एक समस्याको रूपमा रहेको थियो। सामान्य तरिकाले ध्वनी कम गर भन्दा धार्मिक कार्यमा विरोध जनाएको जस्तो देखिने भएका कारणले पनि ध्वनी प्रदुषण सहन नगरबासीहरूको बाध्यता रहेको थियो।

उक्त समस्याका विषयमा बाँके इन्सेक जिल्ला प्रतिनिधि विनोद पाण्डे र एफ डब्लु एल डीका सुनिल श्रेष्ठ निवेदक रही कानून व्यवसायीहरू विश्वजीत तिवारी, बलबहादुर चन्द, सुनिल श्रेष्ठ, लोकबहादुर शाह र बसन्त गौतमसमेतले ध्वनी प्रदुषणको विषयमा पुनरावेदन (उच्च) अदालत नेपालगञ्जमा सार्वजनिक सरोकारको विषयमा संयुक्तरूपमा ०७३ जेठ ३ गते मुद्दा दायर गरियो। ध्वनी प्रदुषण नियन्त्रणको कार्यलाई परिणाममुखी र प्रभावकारी बनाउन विपक्षीहरू नेपालगञ्ज नगरपालिका, जिल्ला प्रशासन कार्यालय र जनस्वास्थ्य कार्यालयका नाममा ०७३ भदौ १६ गते अदालतद्वारा निर्देशनात्मक आदेश भयो।

अदालतको निर्देशनात्मक आदेशपछि नेपालगञ्जमा हर्न निषेध गरिएको छ। पहिलेको तुलनामा विवाह, अन्य धार्मिक कार्यमा समेत मन्द ध्वनी सुनिने गरेको छ। हाल आएर जिल्ला प्रशासन कार्यालयले सबै धर्म गुरुहरूसँग ध्वनी न्यूनिकरणका लागि छलफल गरेको छ। साथै मुस्लीम धर्मगुरु मौलानाले जुन विवाहमा डिजे बजाइन्छ त्यसको निकाह नपढ्ने कुरा सार्वजनिक गरेका छन्। ❍

# न्यायको अनुभूति दिलाउन इन्सेकको पहल

प्रहरी कार्यालयको हाताभित्रै एक असहाय महिलालाई प्रहरीका जिम्मेवार व्यक्तिले गरेको कुटपिट, यातना र दुर्व्यवहार एवम् सयौँ व्यक्तिको अगाडि भएको अपमान सहन नसकेर व्याकुल भएकी इलाम नयाँ बजार-८ की लाक्पाडोल्मा शेर्पाले इन्सेक जिल्ला प्रतिनिधि कोकिला ढकाल, स्थानीय अधिकारकर्मीको सहयोग र सक्रियताका कारण न्यायको अनुभूति गर्न पाएकी छन्। पति फुरी शेर्पा बैदेशिक रोजगारमा रहेका बेला र उनी स्थानीय बजारमै चियापसल गरी एक छोरा र एक छोरीको शिक्षा एवम् हेरचाहको जिम्मेवारी निर्वाह गरी जिविकोपार्जन गर्दै आएकी लाक्पा डोल्मालाई ०७४ जेठ ९ गते स्थानीय व्यापारी अलिन खवाससँग भएको सामान्य विवादपछि प्रहरी कार्यालयमा उनीमाथि त्यस किसिमको अपमानित कार्य भएको थियो। छिमेकीको घरमा आएका व्यापारी अनिल खवासले सानो विवादपछि प्रहरी बोलाएर आफूलाई प्रहरी कार्यालय पुऱ्याई सयौँ मानिसको अगाडि आफूलाई गल्ती ठहर गराउँदै उनको खुट्टा ढोग्न लगाए भने प्रहरी जवान अञ्जु राजवंशीले निर्ममतापूर्वक कुटपिट गरिन्। पीडितले भनिन्- जवान राजवंशीले अश्लील गालीगलौज गर्दै बुट र मुड्कीले जथाभावी कुटपिट गरिन्। प्रहरीको लाठी र जुत्ता प्रहारको पीडा कस्तो हुन्छ भन्ने लाक्पालाई अनुभव छ। अञ्जुले उफ्रीउफ्री बुट र लाठीले प्रहार गरिन्। त्यहाँका सईले नकुट भन्दै लठ्ठी खोसिदिए तर जवान राजवंशीले सइको पनि आदेश नटेरी झन् धेरै कुटपिट गरिन्। पीडितले प्रहरी जवानको कुटाइबाट बिरामी भई थला परेकोले छोराछोरीलाई समेत पानीसँग बिस्कुटमात्र ख्वाएर भोकभोकै सुताउनु परेको नमीठो अनुभव सुनाइन्। प्रहरी हातामा ७०-८० जना मान्छे बसेका र उनीहरूको अगाडि खुट्टा ढोगाए, प्रहरीले त्यसरी कुट्दा कसैले केही भनेनन्। अनिलको खुट्टा ढोगेपछि त्यहाँ बसेका सबैलाई भुइँ सोरी नमस्ते गर्न लगाए र त्यो पनि मैले गरँ। मेरो पक्षमा बोलिदिने कोही भएनन्। मैले गल्ती गरेकै भए पनि समाजले दिएको त्यस्तो सजायले सहन धेरै गाह्रो भयो। उनले आफ्नो पीडा सुनाउँदै भनिन्- त्यसबेला एकमनले त त्यस्तो पीडा सहनुभन्दा बरु मर्नु नै बेस भन्ने समेत लागेको थियो, तर छोराछोरी साना भएकाले उनीहरूको मुख हेरेर रोएरै दिन र रात कटाएँ पीडितले भनिन्।

अपमान सहन नसकेपछि इलाम सदरमुकाम आएकी लाक्पा डोल्माले इन्सेक प्रतिनिधि र मानव अधिकार मञ्चका प्रतिनिधिहरूलाई घटनाबारे जानकारी गराइन्। उनीहरूकै सहयोगमा ०७४ जेठ १३ गते पीडितलाई जिल्ला प्रहरी कार्यालय इलाममा लगी एसपी (प्रहरी उपरीक्षक सुशिलकुमार यादव र डिएसपी रुकेस तण्डुकार तथा अधिकारकर्मीका बीचमा पुन: उनीमाथि भएको निर्मम यातना र अपमानका कुराहरू सुनाउन आग्रह गरिँदा उनले आफूलाई परेको पीडा सुनाउँदै भक्कानिँदै रोइरहिन्। रुवाइसँगै उनीमाथि भएका दुर्व्यवहारका कुराहरू सुनिरहँदा सुरक्षा निकाय पनि गम्भीर देखिन्थ्यो। घटना विवरण सुनिसकेपछि अधिकारकर्मीले दोषी प्रहरी जवानमाथि कारबाही गर्न र पीडितलाई न्यायको अनुभूति दिलाउन माग गरे। अधिकारकर्मीहरूको मागलाई गम्भीरतापूर्वक लिँदै प्रहरी प्रमुखले तत्कालै यातना दिने प्रहरीलाई सो ठाउँबाट जिल्लामा झिकाए र सक्दो कारबाही गरिने आश्वासन दिए। स्थानीय प्रहरी इन्चार्जलाई पनि पीडितको सुरक्षाको लागि जिम्मेवार हुन प्रहरी उपरीक्षकले तत्कालै निर्देशनसमेत दिए। यसरी अधिकारकर्मीहरूको सहयोगले नै पीडित अहिले समाजमा पुनर्स्थापित हुन सकेकी छिन् र स्थानीय अधिकारकर्मीहरूले पुन: उनीमाथि त्यस्तो कार्य हुन नपाओस् वा कसैले नधम्क्याउन भन्नाको लागि निरन्तर सम्पर्क गरिरहेका छन्। अधिकारकर्मीहरूको पहलकै कारण उनी समाजमा स्थापित हुन सकेकी हुन्। इन्सेककर्मी कोकिला ढकाल र अन्य साथीहरूले सहयोग गरेका कारण आफू समाजमा स्थापित हुन सकेको पीडित लाक्पा डोल्माको भनाइ छ। अधिकारकर्मीहरूको प्रयासले आफू मानव अधिकारबाट बञ्चित हुनु नपरेकोमा उनले इन्सेकलगायत अधिकारवादी संस्थाहरूलाई धन्यवाद दिइन्। समाजमा भएको यस्ता घटनामा इन्सेकले पहल गरेकोमा पीडित लाक्पा डोल्माले इन्सेकप्रति आभार व्यक्त गरिन्। अधिकारकर्मीको पहल र दबाबपछि कुटपिट गर्ने प्रहरी जवान २५ वर्षीया अञ्जु राजवंशीलाई जिल्ला प्रहरी कार्यालयले विभागीय कारबाहीसहित नसिहत गरी झापा सरुवा गरिएको डिएसपी रुकेश तण्डुकारले बताए। ❍

# १२ वर्षपछि ओढार मुक्त

हुम्ला जिल्लाको सिमकोट गाउँपालिका-८ की ७० वर्षीया गोला शाही कुष्ठरोग पीडित महिला हुन। उनी १२ वर्षदेखि गाउँबाट एक घण्टा टाढा रहेको जङ्गलमा बस्दै आएकी थिइन। शाहीले बझाङ्ग जिल्लाको पिमी नौरा भन्ने ठाउँमा विवाह गरेपछि पतिलाई कुष्ठरोग भएको उनले थाहा पाइन। पतिको मृत्युपछि वेसहारा गोला माइतीको आशा गरेर हुम्ला जिल्लामा आइन। २०४८ सालदेखि कुष्ठरोगले च्यापेपछि उपचारको लागि सबै ठाउँमा धाएकी शाही सन्चो नभएपछि हुम्ला जिल्लाको नाम्खा गाउँपालिकाको लामा खोल्सीको जङ्गलमा रहेको ओढारमा बस्दै आएकी थिइन। कुष्ठरोगको समस्याले दुवै हातका औँला गुमाएकी शाही काम गर्ने अवस्था नभएपछि उनलाई बिहान र बेलुका समेतको छाक टार्न समस्या भई रहेको थियो। ओढारमा बसेकी शाहीलाई न खाने कुरा थियो नत सुत्ने कपडा नै। कलिलै उमेरमा कुष्ठरोग लागेपछि काम गर्न नसक्ने भएको हुँदा कहिले मागेर खाने त कहिले भोक भोकै सुत्ने गरेकी थिइन्।

माइतीले अपहेलना गरेको विषयमा ओढारमा बसेकी शाहीले इन्सेक जिल्ला प्रतिनिधि नन्द सिंहलाई आफू अन्यायमा परेको बताउँदै न्यायको लागि पहल गर्न अनुरोध गरिन। इन्सेक जिल्ला प्रतिनिधिले सो घटना विवरण लिएपछि पीडित महिला र गाउँका उनका आफ्न्तलाई कानुनी प्रकृयाका बारेमा जानकारी दिदै सम्झाई बुझाई गरे। माइती पक्षलाई सम्झाई सकेपछि ०७४ असार १६ गते जिल्ला प्रशासन कार्यालयमा इन्सेक जिल्ला प्रतिनिधिले उनको पुर्नस्थापना र उपचारको व्यवस्थाका लागि पहल गरे। इन्सेक जिल्ला प्रतिनिधिले प्रमुख जिल्ला अधिकारी धनप्रसाद शर्मा पौडेलसँग बेसहारा भएकी शाहीका बारेमा विस्तृत जानकारी गराएपछि जिल्ला प्रशासन कार्यालय र इन्सेकको पहलमा गोला शाहीलाई महिला तथा बालबालिका कार्यालय, किडार्क हुम्ला र हिमाली विस्थापित अपाङ्ग सम्पर्क मञ्च काठमाडौँले दैनिक खाना र लत्ताकपडामा सहयोग गरे। घटनाका विषयमा इन्सेकले ०७४ असार २० गते इन्सेक अनलाइनमा समाचार प्रकाशन गऱ्यो।

इन्सेक प्रतिनिधिको पहलमा गरेको कामलाई प्रमुख जिल्ला अधिकारीले धन्यवाद दिदै शाहीको अहिले खाना र कपडाको व्यवस्था भएको छ। इन्सेकको पहलपछि हिमाली विस्थापित अपाङ्ग सम्पर्क मञ्च काठमाडौं र अन्य सरकारी तथा गैरसरकारी निकायको पहलमा गोलालाई उपचारका लागि ०७४ असार २६ गते ललितपुरको आनन्द वन अस्पतालमा लगिएको छ। हाल उनको उपचार भइरहेको छ। जिल्लाका महिला तथा बालबालिका कार्यालय, किडार्क हुम्ला र हिमाली विस्थापित अपाङ्ग सम्पर्क मञ्च काठमाडौँ सङ्घसंस्थाले खाना लगाउनको राम्रो व्यवस्था गर्न थालेपछि गोलाको जीवनमा खुसी पलाएको छ। ❍

# इन्सेकको पहलमा न्याय

सल्यान जिल्ला कुपिण्डे गाविस-४ की २० वर्षीया सेती परियारलाई बिरामी भएको बेला ०७३ जेठ २४ गते स्थानीय क्रिश्चियन धर्म मान्नेहरूको एक समूहले बोक्सी लागेको र आफ्नो मण्डलीमा लगेर उपचार गराउँदा ठिक हुने आश्वासन दिए। यसरी परियारलाई निको बनाउने भनी मण्डलीमा लगियो। मण्डलीमा गएपछि निको होला भनेको त परियारलाई बोक्सी लागेको कारण बिरामी परेको र शरीरबाट बोक्सी भगाउने भन्दै सोही ठाउँका २९ वर्षीय रूपलाल दमाई, पातली बुढा, २३ वर्षीया पिमकली बुढा र कुपिण्डेदह गाविस-५ की ४५ वर्षीय लली पुनले मण्डलीमा राखेर सिस्नोले हानेको, दिसा खुवाएको तथा कुटपिट गरेको पीडित पक्षले आरोप लगायो। यसरी परियारलाई अमानवीय व्यवहार गरेपछि परियारको मानसिक सन्तुलन दिनानु दिन बिग्रँदै जान थाल्यो र परियारको अवस्था नाजुक बन्दै गयो। यो घटना जेठ महिनामा भए पनि पीडितको परिवार चुप लागेर बसेको थियो। जब परियारको स्वास्थ्य अवस्था ज्यादै नै बिग्रन थाल्यो तब उपचारका लागि जिल्ला अस्पताल पुऱ्याइयो। जिल्ला अस्पतालले टाउकोमा चोट हुन सक्ने र त्यसकारण दिमागमा असर परेको बतायो। परियारको मानसिक अवस्था बिग्रँदै गएकोले थप उपचारका लागि नेपालगञ्ज रिफर गऱ्यो। नेपालगञ्जमा उपचार गर्न जाँदा कुटपिटका कारण दिमागमा असर परेको खुल्न आयो।

अनि मात्र पीडित परिवारको आफन्तले परिचय नखुलाउने सर्तमा न्यायका लागि पहल गरिदिन इन्सेकलाई फोनमार्फत ०७३ साउन ५ गते जानकारी गरायो। इन्सेकले घटनाबारे बुझी तत्काल इन्सेक अनलाइनमा समाचार प्रकाशन गरेको थियो। पीडितलाई कानुनी प्रक्रियाका बारेमा जानकारी गराउँदै जिल्ला प्रहरी कार्यालयमा उजुरीका लागि इन्सेकले पहल गऱ्यो। इन्सेक अनलाइनमा समाचार छापिएको आधारमा जिल्ला प्रहरी कार्यालय सल्यानले घटनामा संलग्न रहेको आरोपमा सोही दिन राती पाँच जनालाई गिरफ्तार गऱ्यो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले गिरफ्तार गरेपछि क्रिश्चियन धर्मावलम्बीहरूले झुठा आरोपमा गिरफ्तार गरिएको भनी विरोध जनाए। पीडित परिवारलाई घटनाको प्रमाण पेश गर्न कागजातहरूको बारेमा कुनै पनि जानकारी थिएन। इन्सेकको पहलमा प्रमाणहरू जुटाई जिल्ला प्रहरी कार्यालयमा दिएको उजुरीको आधारमा जिल्ला अदालत सल्यानमा मुद्दा दायर भयो। ०७३ पुस ४ गते जिल्ला न्यायाधीश माधवेन्द्रराज रेग्मीको इजलासले घटनामा दोषी ठहर गर्दै आरोपित रुपलाल दमाई, पातली बुढा, पिमकली बुढा र लली पुनलाई पाँच वर्ष कैद र प्रतिव्यक्ति ५० हजार रुपियाँको क्षतिपूर्ति पीडितलाई दिनुपर्ने फैसला सुनायो। जिल्ला प्रहरीमा उजुरी दिएपछि अदालतमा पेश गर्ने प्रमाणहरूको आधारमा घटनामा संलग्नहरूले सजाय पाएपछि सेती परियारले न्यायको अनुभूति गर्दा उनी र उनको परिवारले राहत महसुस गरेको बतायो। सेतीको स्वास्थ्य अवस्था अहिले सामान्य बन्दै गएको छ। परियारले न्याय पाउने विषयमा इन्सेकको ठूलो भूमिका रह्यो। ❍

# पीडितले न्याय पाए

सुर्खेत जिल्लाको गुटुका १५ वर्षीय प्रवेश सुनार र वीरेन्द्रनगर नपा-१ का २० वर्षीय कृष्ण थापालाई इलाका प्रहरी कार्यालय गुटुका प्रहरी हवल्दारद्वय कमलराम विक, अर्जुन चन्द र प्रहरी जवान प्रदीप खड्कासमेतले ०७३ वैशाख १४ गते प्रहरी हिरासतमा यातना दिनुको साथै चप्पलको माला लगाई गुटुबजार घुमाएको समाचार बाहिर आएको थियो। पीडितका आफन्तहरूले ०७३ वैशाख २८ गते वीरेन्द्रनगरमा पत्रकार सम्मेलन गरी नाबालक सुनार र थापालाई कालोमोसो दलेर बजार घुमाएको भन्ने तथ्य सार्वजनिक गरे। उक्त घटनापछि प्रहरी र स्थानीयबासीबीचको तनाव बढ्दै गएको थियो।

इन्सेक नेपालगञ्जले ०७३ जेठ १ गते वीरेन्द्रनगरमा जिल्लाको मानव अधिकार अवस्था विषयक छलफल कार्यक्रमको आयोजना गऱ्यो। छलफल कार्यक्रममा गुटुको घटनाका विषयमा अधिकारकर्मी, सञ्चारकर्मी र नागरिक समाजले इन्सेकको ध्यानाकर्षण गराएका थिए। घटना सत्य भए घटनामा संलग्न प्रहरीलाई कारबाहीका लागि आवश्यक पहल गर्न सुर्खेतस्थित अधिकारकर्मीले इन्सेकलाई अनुरोध गरे।

इन्सेकलाई ध्यानाकर्षण गराएकोलगत्तै इन्सेक केन्द्रीय कार्यालयका मानव अधिकार प्रलेख तथा प्रसार विभाग प्रमुख मदन पौडेल, मध्यपश्चिमाञ्चल क्षेत्रीय संयोजक भोला महत र इन्सेक नेपालगञ्जका प्रलेख अधिकृत नारायण सुवेदी सहितको टोलीले ०७३ जेठ २ गते डिआइजी माधवकुमार नेपाल, प्रमुख जिल्ला अधिकारी राजकुमार श्रेष्ठ र सुर्खेत प्रहरी प्रमुख एसपी वीरेन्द्र श्रेष्ठलगायतका सुरक्षा अधिकारीसँग भेटघाट गरेको थियो। भेटघाटका क्रममा मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय सुर्खेतका डिआईजी माधवकुमार नेपालले इन्सेकलाई घटनाको सत्यतथ्य बाहिर ल्याइदिन अनुरोध गरेका थिए। लगत्तै इन्सेकले घटनाको स्थलगत अनुगमन गऱ्यो। इन्सेक जिल्ला प्रतिनिधि दुर्गा थापा, दलित गैरसरकारी संस्था महासङ्घ केन्द्रीय कमिटीका उपमहासचिव सञ्जुसिं विक र गैरसरकारी संस्था महासङ्घ सुर्खेतका यामराज शर्माको टोलीले ०७३ जेठ ८ र ९ गते स्थलगत अनुगमनसमेत गऱ्यो। टोलीले पीडित, पीडितका परिवार, घटनाका प्रत्यक्षदर्शी, आरोपित प्रहरी तथा अन्य सरोकारवालासँग भेटघाट तथा सोधपुछ गरी सत्यतथ्य प्रतिवेदन सार्वजनिक गऱ्यो। पीडितका परिवारले सञ्चारमाध्यममा भने झैं पीडितद्वयलाई जुत्ताको माला र कालोमोसो दलेको तथ्य फेला नपरे पनि पीडितहरूलाई चप्पलको माला र यातना दिएको तथ्य स्थलगत प्रतिवेदनमा खुलेको थियो।

सो स्थलगत अनुगमनपछि इलाका प्रहरी कार्यालयका प्रमुख सई देवबहादुर विकले पीडितहरूलाई प्रहरीले नै उपचार गर्ने पहल गरिरहेको बताए। यसका साथै सो घटनामा प्रहरीले कमजोरी गरेको डिआइजी माधवकुमार नेपाल र एसपी वीरेन्द्रकुमार श्रेष्ठले स्वीकारसमेत गरे। घटनामा संलग्न प्रहरी हवल्दारद्वय कमलराम विक, अर्जुन चन्द र प्रहरी जवान प्रदीप खड्का प्रहरीको आन्तरिक कारबाहीमा परेको डीआइजी माधवकुमार नेपालले बताए। घटनामा संलग्न प्रहरीलाई रेकर्डमा जनिने गरी कारबाही गरिएको इलाका प्रहरी कार्यालय बावियाचौरका इन्स्पेक्टर कमल विष्टले बताए। इन्सेकसहितको टोलीले अनुगमन गरेलगत्तै सत्यतथ्य प्रतिवेदन प्रकाशमा ल्याएपछि आफूहरूले न्याय पाएको पीडितहरूले बताए। ❍

# पुनर्स्थापनाका लागि पैरवी

जाजरकोट जिल्ला गर्खाकोट गाविस-२ की २१ वर्षीया ज्योति शाह र सोही गाविस-४ स्याँलाका २५ वर्षीय गणेश चँदाराले ०७२ कात्तिक ९ गते दुवै जनाले आ-आफ्नो घरमा कुनै सूचना नदिई अन्तरजातीय विवाह गरे। उनीहरूले विवाह गरेलगत्तै ज्योति शाहका बाबु उत्तमकुमार शाहले पटकपटक दुवैको खोजतलास गर्न लगाउनुका साथै फेला नपरेपछि ज्यान मार्ने धम्की दिनुका साथै गणेश चँदाराको बाबु कमारोलगायत परिवारका अन्य सदस्य बहिनी यमुना चँदारा, दाजु राजेश चँदारा, भाउजु कल्पना चँदारा र भतिज निश्चल चँदारा विगत चार महिनादेखि सदरमुकाम खलङ्गामा विस्थापित भएर बस्दै आएका थिए। गणेशका दाजु राजेश स्थानीय एक विद्यालयमा शिक्षक थिए। भाइले अन्तरजातीय विवाह गरेको कारण विस्थापित भएका राजेशले चार महिनासम्म विद्यालयमा पढाउन पाएका थिएनन्।

विस्थापित जीवन बिताइरहेका गणेश चँदाराका बाबु कमारो चँदाराले अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का जाजरकोट जिल्ला प्रतिनिधि दिनेशकुमार श्रेष्ठसँग ०७२ माघ ८ गते सम्पर्क गरी आफू र आफ्नो परिवारले भोगिरहेको समस्याका बारेमा जानकारी गराएका थिए। इन्सेक प्रतिनिधिले सरोकारकारवाला निकाय, नागरिक समाज तथा राजनीतिक दलसँग छलफल गरी जिल्ला प्रहरी कार्यालयका तत्कालीन डीएसपी दानबहादुर मल्ललाई जातीय विभेदसँग सम्बन्धित त्यस्ता समस्यालाई समाधान गर्न अनुरोध गरेको थियो।

इन्सेकको अनुरोधपछि पीडित परिवारसहित जिल्लास्थित राजनीतिक दल, नागरिक अगुवा, अधिकारकर्मी तथा पत्रकारको उपस्थितिमा ०७२ माघ १४ गते जिल्ला प्रहरी कार्यालयको प्रहरी प्रमुखको कार्यकक्षमा छलफल भएको थियो। उक्त छलफलमा इन्स्पेक्टर हिक्मत बोहोराको नेतृत्वमा दलित अधिकारकर्मी र राजनीतिक दलका प्रतिनिधि तथा पीडित परिवार ०७२ माघ १९ गते इलाका प्रहरी कार्यालय गर्खाकोटमा दुवै पक्षलाई बोलाएर समस्या समाधानका लागि छलफल गर्ने निष्कर्ष निकालेको थियो।

जसअनुसार इन्स्पेक्टर हिक्मत बोहोराको नेतृत्वमा रहेको टोलीले ०७२ माघ २० गते गर्खाकोट पुगी छलफल गरेको थियो। छलफलका क्रममा केही समयसम्म विवाद भई ढुङ्गा हाने पनि ज्योति शाहका बाबु उत्तमकुमार शाह र अन्य आफन्तजनसँग यस समस्याका विषयमा छुट्टै बसेर छलफल भएपछि आजभोलि दुवै पक्षले एक अर्कालाई स्वीकार नगरे पनि चँदारा परिवार सदरमुकाममा विस्थापित बन्नु परेको छैन। ज्योति शाह गणेश चँदाराकै पत्नीको रूपमा चँदाराकै घर गर्खाकोटमा सहज रूपमा बस्न पाएकी छन्। गणेशका घरपरिवार आफ्नै घरमा पुनर्स्थापना भएपछि गणेशका दाजु राजेशले विद्यालयमा पढाउन पनि पाएका छन्। ❍

# उद्धार तथा आर्थिक सहयोग

बाजुरा जिल्ला बुडिगङ्गा नगरपालिका-१० का मङ्गल नेपालीले दोस्रो विवाह गरी भारत गएपछि उनका दुई छोरा १२ वर्षीय अनिल नेपाली र १० वर्षीय अरुण नेपाली सहाराविहिन हुन पुगे। घरको आर्थिक अवस्था नाजुक भएका कारण अनिल र अरुण घर छोडी पेट पाल्न कै लागि जिल्ला सदरमुकाम मङ्गलसेन सडकमा भौतारिँदै हिँड्न थाले।

सोही विषयमा इन्सेक अनलाइनमा समाचार प्रकाशन भएको थियो। जिल्लास्थित पत्रकारहरूले पनि उनीहरूको विषयमा विभिन्न सञ्चार माध्यम र पत्रपत्रिकामा समाचार प्रकाशन भएको कारण सरोकारवालाहरूको ध्यान केन्द्रित हुन गयो। इन्सेक जिल्ला प्रतिनिधि पदमबहादुर सिंह र पत्रकारहरूले निरन्तर रूपमा गरेको पहल तथा पैरवीका कारण नेपाल निजामति कर्मचारी सङ्गठनले बेसहारा बालकलाई सहयोग गर्न सङ्कलित रकम ८५ हजार २ सय १५ रुपियाँको चेक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले बुडिगङ्गा नगरपालिका-१० का वडा अध्यक्ष धर्मराज जोशीको रोहवरमा बालकहरूलाई हस्तान्तरण गरेका थिए। सहाराविहीन बालक अनिल र अरुण हाल वृद्धा बजैसँग बस्दै आएका छन् भने उनीहरू नियमितरूपमा विद्यालय जाने गरेका छन्। इन्सेक जिल्ला प्रतिनिधिले बेसहारा बालकका लागि गरेको निरन्तर पहल र सहयोग सराहनीय रहेको भन्दै निजामति कर्मचारी सङ्गठनले इन्सेकलाई धन्यवाद तथा प्रशंसा-पत्र प्रदान गरेको थियो। ❍

# बौद्धिक अपाङ्गता श्रोत कक्षा सञ्चालन

इन्सेक समयसमयमा गुणस्तरीय शिक्षाको लागि आवाज उठाइरहने संस्था हो। शिक्षाको गुणस्तरमा सुधार गर्न सरोकारवाला निकायले बौद्धिक अपाङ्गता श्रोत कक्षा सञ्चालन गर्ने निर्णय गरेको थियो। निर्णय गरेको १ वर्ष बितिसक्दा पनि त्यो कार्यान्वयन हुन सकेको थिएन। निर्णय रजिष्टरमा मात्र सीमित थियो।

मानव अधिकार निगरानी समूह शुक्लाफाँटा र इन्सेक कञ्चनपुरको संयुक्त आयोजनामा २०७५ फागुन १ गते शुक्लाफाँटा नपा-७ मा सेवाप्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा मानव अधिकार निगरानी समूहका पदाधिकारीहरू र अन्य सहभागीहरूले विगतमा भएको निर्णय कार्यान्वयन हुन नसक्नुको जवाफ माग गरेका थिए। उनीहरूले विशेष शिक्षा कक्षा सञ्चालनको लागि सम्बन्धित निकायबाट अनुमति पाइसकेपछि पनि कक्षा सुरु नहुनु भनेको स्थानीय सरकारको कमजोरी रहेको बताएका थिए। सवालको उठान भएपछि शुक्लाफाँटा नगरपालिकाका नगर प्रमुख दिलबहादुर ऐर, शिक्षा शाखा प्रमुखलगायतले तत्काल विशेष शिक्षा कक्षा सञ्चालनका लागि प्रक्रिया अगाडि बढाउने प्रतिबद्धता जनाएका थिए।

प्रतिबद्धताअनुसार स्थानीय तह र शिक्षा शाखाले अहिले विशेष कक्षा सञ्चालन गरेका छन्। बौद्धिक अपाङ्गता श्रोत कक्षा सञ्चालनले स्थानीय समुदायका बौद्धिक क्षमता ह्रास भएका विद्यार्थीहरूले अध्ययन गर्ने अवसर पाएका छन्। ❍

# सामुदायिक स्वास्थ्य इकाइ स्थापना

दैलेख जिल्लाको डुङ्गेश्वर गाउँपालिका-६ डुङ्गेश्वर बजारमा विगत लामो समयदेखि स्वास्थ्य चौकी नहुँदा त्यस ठाउँका स्थानीय बासिन्दा सामान्य बिरामी पर्दा स्वास्थ्य सेवा पाउन बसमा करिब एक घण्टा समय लाग्ने जिल्ला अस्पताल नारायण नपामा उपचार गर्न जाने गर्दथे। सामान्य बिरामी हुँदा पनि औषधी पसल धाउनुपर्ने अवस्था रहेको थियो। साथै, स्वास्थ्य चौकी नहुँदा यहाँका महिला गर्भवती जाँच गराउनसमेत दैलेख बजार सदरमुकाममा रहेको जिल्ला स्वास्थ्य अस्पतालमा बसमा एक घण्टाको यात्रा गर्ने गर्दथे।

यस समस्यालाई मानव अधिकार निगरानी समूह डुङ्गेश्वरले मुख्य समस्याको रूपमा पहिचान गरी इन्सेक कर्णाली प्रदेश कार्यालय सुर्खेतद्वारा ०७५ भदौ १५ र १६ गते डुङ्गेश्वरमा आयोजित क्षमता अभिवृद्धि तालिममा डुङ्गेश्वर गाउँपालिका-६ मा गठित मानव अधिकार निगरानी समूहले स्वास्थ्य इकाई स्थापना हुनुपर्ने सवाल उठाएको थियो। उक्त समस्या समाधानका लागि गाउँपालिका अध्यक्ष नगेन्द्रबहादुर मल्लले क्षमता अभिवृद्धि तालिममा डुङ्गेश्वर गाउँपालिका-६ मा एक वर्षभित्र स्वास्थ्य इकाइ स्थापना गर्ने प्रतिबद्धता जनाएका थिए। गाउँपालिका अध्यक्षले प्रतिबद्धता जनाए पनि निगरानी समूहले समस्या समाधान नहुँदासम्म उक्त विषयमा पैरवी गर्न छोडेन। स्वास्थ्य इकाइ स्थापना हुन नसकेको सवाल समाधानका लागि सरोकारवाला तथा सेवाप्रदायक निकायबीच बहस र संवादमार्फत समयसमयमा जिम्मेवार हुन दबाब सिर्जना गर्ने र फलोअप गर्ने काममा मानव अधिकार निगरानी समूह लागिरह्यो। जसअनुसार ०७५ कात्तिक १३ र १५ गते स्थानीय तहमा बहस संवाद कार्यक्रम, ०७५ पुस १७ गते शिक्षा स्वास्थ्य तथा खाद्य अधिकारको विषयमा सार्वजनिक सुनुवाइ र सेवाप्रदायक र सेवाग्राहीबीच ०७५ माघ १९ गते वडास्तरीय र माघ २० गते गाउँपालिकास्तरीय अन्तरक्रिया कार्यक्रम डुङ्गेश्वरमा सम्पन्न भयो। उक्त कार्यक्रममा पनि स्वास्थ्य इकाइ नहुँदा सेवाग्राहीले भोगेका समस्या

प्राथमिकताका साथ निगरानी समूहले उठायो। निगरानी समूहको निरन्तर पहल तथा पैरवीपछि डुङ्गेश्वर गाउँपालिका-६ को माथिल्लो डुङ्गेश्वरमा २०७५ चैत १२ गते सामुदायिक स्वास्थ्य इकाइ स्थापना हुनुमा

स्वास्थ्य सेवाबाट कोही पनि नागरिक बञ्चित नहुन् भन्ने उद्देश्य रहेको वडाअध्यक्ष बमबहादुर विसीले बताएका थिए। सुर्खेत दैलेख सडक खण्डमा यात्रा गर्ने र सडक दुर्घटनामा घाइते हुनेले बेलैमा प्राथमिक उपचार पाउन थालेको गाउँपालिका अध्यक्ष नगेन्द्रबहादुर मल्लले बताए। साथै, गाउँपालिकाका प्रमुख कार्यकारी अधिकृत रामबहादुर बुढाले हाललाई नियमित स्वास्थ्य र आकस्मिक सेवा सुरु गरिएको र भविष्यमा प्रसुति सेवालगायतका स्वास्थ्य सेवाहरू विस्तार गर्ने लक्ष्य लिएको पनि बताए। स्वास्थ्य इकाइ स्थापना भएपछि यहाँका सर्वसाधारण हर्षित भएको स्थानीयबासी मनिसा केसीले बताइन्। सो स्थापनाका लागि निगरानी समूहले गरेको पहल तथा पैरवीलाई वडा कार्यालयले धन्यवाद दिएका छन्। उक्त स्वास्थ्य इकाइ स्थापनापछि असार ६ गतेसम्म १ सय ४८ जना बिरामीले उपचार सेवा पाइरसकेको स्वास्थ्य इकाइका प्रमुख ईश्वरी मल्लले बताए। ❍

# नि:शुल्क भर्ना अभियानले पुन: विद्यालय फर्कायो

मानव अधिकार निगरानी समूह शङ्करपुर र बाल अधिकार चेतना समूह भानु माविले सञ्चालन गरेको विद्यालय भर्ना अभियानका क्रममा कञ्चनपुरको शङ्करपुर गापा-२ कसवा कञ्जका पाँच जना छात्रछात्राले विद्यालय छाडेकाले विद्यालयमा भर्ना गर्न अनुरोध गर्दा उनीहरूलाई विद्यालय पठाउन मन भएको तर शुल्क तिर्न नसक्ने आर्थिक अवस्थाका कारण भर्ना नगरेको बताएका थिए।

सोहीअनुरूप मानव अधिकार निगरानी समूह शङ्करपुर र बाल अधिकार चेतना समूहका पदाधिकारीहरूले विद्यालय छोडेका पाँच जना छात्रछात्राको बारेमा जानकारी गराई नि:शुल्क भर्ना गरिदिन भानु माविलाई आग्रह गरेपछि भानु मावि कञ्जले शङ्करपुर गापा-२ कसवा कञ्जका कक्षा ८ की पतरुम राना, कक्षा १० का दिनेश राना, कक्षा ७ का महेश वडायक, कक्षा ७ का जितेन्द्र राना र कक्षा २ की सुमित्रा रानालाई नि:शुल्क भर्ना गरिएको भानु मावि कञ्जका प्रधानाध्यापक वेदप्रकाश उपाध्यायले बताएका थिए।

नि:शुल्क भर्नापश्चात् बालबालिका नियमित विद्यालय जाने गरेको र विद्यालय जान पाएर खुशी छन् भने उनीहरूका अभिभावकहरू पनि बालअधिकार चेतना समूह र मानव अधिकार निगरानी समूहदेखि खुशी छन्। ❍

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, काडमाडौँ, पत्र मञ्जुषाः २७२६, काठमाडौँ, फोनः ५२१८७७०, फ्याक्सः ५११८२५१
इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org